# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २९१ | काठमाडौं | बिहीबार, ०७ फागुन २०८२ | Prabhab National Daily | Thursday, 19 February 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


कांग्रेसको चुनावी प्रतिज्ञापत्र

# 'सम्मानित नेपाली, सम्मुन्नत नेपाल'को लक्ष्य



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसले यही फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि १० वटा भिजनसहितको प्रतिज्ञापत्र सार्वजनिक गरेको छ । कांग्रेस सभापति गगन थापाले बुधबार मधेस प्रदेशको राजधानी जनकपुरमा आयोजित समारोहमा प्रतिज्ञापत्र सार्वजनिक गरेका हुन् ।

प्रतिज्ञापत्रले 'सम्मानित भएर बाँच्न पाउने नेपाल' निर्माणलाई मूल लक्ष्य बनाउँदै आर्थिक रूपान्तरण, रोजगारी सिर्जना, गुणस्तरीय शिक्षा-स्वास्थ्य, सुशासन र सामाजिक न्यायलाई केन्द्रमा राखेको छ । प्रतिज्ञापत्रमा कांग्रेसले आफूलाई लोकतान्त्रिक मूल्यमा आधारित परिवर्तनकारी शक्ति भन्दै नागरिकलाई समृद्ध र सम्मानित बनाउने दीर्घकालीन दृष्टि प्रस्तुत गरेको छ ।

पार्टी सभापति थापाले अब प्रश्न गर्दा राज्यको गोलीले नमारिने नेपाल बनाउने पनि बताए । 'प्रश्न गर्दा कुनै युवकले भदौ २३ गते जस्तो गोलीले मारिनु पर्दैन । कसैले सिंहदरबार जलाउन जानु पर्दैन । त्यस्तो नेपाल बनाउँछौं,' थापाले प्रतिज्ञापत्र सार्वजनिक गर्दै भने ।

अब देशको प्रधानमन्त्री कुनै पनि भ्रष्टाचारका काण्डमा नमुछिने बनाउने प्रतिज्ञा गर्दै उनले भने, 'अब देशको प्रधानमन्त्री कुनै पनि काण्डमा नमुछिने प्रतिज्ञा गर्छौं र अब कसैले झूटो मुद्दाको सिकार हुनु पर्दैन । हातमा फाइल बोकेर काठमाडौं धाउनु पर्दैन । त्यस्तो प्रतिज्ञा गर्न आएका छौं ।'

अबको १० वर्षमा सबै नेपालीलाई सम्मानपूर्वक बाँच्न सक्ने देश बनाउने उनले अर्को प्रतिज्ञा गरे । 'प्रत्येक नेपालीलाई सम्मानित भएर बाँच्न सक्ने बनाउने छौं र विश्वसामु स्वाभिमानी देश भनेर चिन्ने नेपाल बनाउनेछौं । सम्मुन्नतिमा लम्किने नेपाल बनाउनेछौं ।'

⏭ क्रमशः पृष्ठ २ मा

**कांग्रेसका १० भिजन**

१. सम्मानित भएर बाँच्न पाउने नेपाल
२. सपना देख्न सक्ने नेपाल
३. सम्पत्ति र रोजगारी सिर्जनालाई प्रोत्साहन गर्ने नेपाल
४. पेटभरि खुवाउने, देशलाई चिनाउने किसानको नेपाल
५. ओखती र ओत दिने नेपाल
६. छोराछोरी पढाउन आर्थिक भार नपर्ने नेपाल
७. बेथिति र हैरानीमुक्त विधिको शासन भएको नेपाल
८. मौलिकतमा गर्व गर्ने आधुनिक नेपाल
९. विश्वले सम्मान गर्ने स्वाभिमानी नेपाल
१०. समुन्नतिमा लम्किने नेपाल

> "प्रत्येक नेपालीलाई सम्मानित भएर बाँच्न सक्ने बनाउनेछौं र विश्वसामु स्वाभिमानी देश भनेर चिन्ने नेपाल बनाउनेछौं । सम्मुन्नतिमा लम्किने नेपाल बनाउनेछौं ।
>
> ■ गगनकुमार थापा
> सभापति, नेपाली कांग्रेस

# चुनाव खर्चको छुट्टै खाता खोल्न दल–उम्मेदवार उदासीन

- उम्मेदवार ३४०६ जना, छुट्टै खाता ६७१ उम्मेदवारको
- ६५ दल चुनावी प्रतिस्पर्धामा, छुट्टै खाता छ दलको
- खर्च पारदर्शिता बढाउन पहिलोपटक छुट्टै खाता अनिवार्य
- चुनावी खर्च पारदर्शी बनाउन दल र उम्मेदवारको बेवास्ता

■ जेबी योञ्जन




**काठमाडौं–** आगामी प्रतिनिधिसभा निर्वाचनलाई पारदर्शी बनाउन निर्वाचन आयोगले उम्मेदवारलाई निर्वाचन खर्चका लागि अनिवार्यरूपमा छुट्टै बैंक खाता खोल्नुपर्ने व्यवस्था लागू गरेको छ । आयोगले चुनावी वित्तीय गतिविधिलाई औपचारिक प्रणालीभित्र ल्याउने र खर्चको प्रभावकारी अनुगमन गर्ने उद्देश्यसहित यस्तो व्यवस्था गरेको जनाएको छ ।

तर, दल र तिनका उम्मेदवारहरूले खासै चासो नदिएको पाइएको छ । निर्वाचन आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीका अनुसार सोमबारसम्म जम्मा ६७१ जना उम्मेदवार र छ वटा दललेमात्रै निर्वाचन प्रयोजनार्थ छुट्टै खाता खोले । आयोगको तथ्यांकमा प्रत्यक्षतर्फमात्रै तीन हजार ४०६ जना उम्मेदवार छन् । यसमध्ये ६७१ जना भनेको करिब २० प्रतिशत उम्मेदवारले मात्रै छुट्टै खाता खोलेका हुन् ।

यही २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनका लागि ६५ वटा दल दर्ता छन् । त्यसमध्ये ५९ दलले बैंक खाता खोलेका छैनन् । आयोगका सहायक प्रवक्ता जिसीले केही दल र उम्मेदवारले नेपाल राष्ट्र बैंक तथा वित्तीय संस्थाहरूलाई परिपत्र गर्दै राजनीतिक दल तथा उम्मेदवारको छुट्टै खाता खोल्ने व्यवस्था मिलाउन निर्देशन दिएपछि उक्त प्रक्रिया अगाडि बढेको बताए ।

'निर्वाचन खर्च अपारदर्शी भएको, पैसा नहुने नेताले चुनाव लड्न नसकेको र पैसा जसले खर्च गर्न सक्यो उसैले जितेको भन्ने गुनासो आयोगले गरेका छलफलहरूमा दलकै उम्मेदवारहरूले बारम्बार भन्थे,' उनले प्रभावसँग भने, 'त्यसलाई ध्यानमा राख्दै यसपालि निर्वाचनकै लागि छुट्टै बैंक खाता खोल्न भनिएकोमा निकै कमले खोले । अझै हामी खोल्नु भनेर ताकेता गरिरहेका छौं ।'

निर्वाचनमा राजनीतिक दल तथा उम्मेदवारहरूले गर्ने खर्च पारदर्शी होस् भनेर पहिलोपटक आयोगले यो अभ्यास थालेको हो । आयोगले देशभरका १६५ प्रतिनिधिसभा निर्वाचन क्षेत्रलाई खर्चका आधारमा पाँच वर्गमा विभाजन गर्दै उम्मेदवारको अधिकतम खर्च सीमा पनि निर्धारण गरेको छ । काठमाडौंका पाँच निर्वाचन क्षेत्रमा उम्मेदवारले अधिकतम २५ लाख रूपैयाँ खर्च गर्न पाउने छन् भने काठमाडौंका दुईसहित १७ निर्वाचन क्षेत्रमा २७ लाख रूपैयाँसम्म खर्च गर्न पाइनेछ ।

यस्तै, ६५ निर्वाचन क्षेत्रमा प्रति उम्मेदवार अधिकतम २९ लाख रूपैयाँ खर्च गर्न पाइने व्यवस्था गरिएको छ । ५२ निर्वाचन क्षेत्रमा खर्च सीमा ३१ लाख रूपैयाँ तोकिएको छ भने बाँकी २६ निर्वाचन क्षेत्रमा उम्मेदवारले अधिकतम ३३ लाख रूपैयाँसम्म खर्च गर्न पाउने छन् । समानुपातिक निर्वाचन प्रणालीतर्फका उम्मेदवारका लागि भने प्रतिव्यक्ति अधिकतम दुई लाख रूपैयाँ खर्च गर्न पाउने व्यवस्था गरिएको आयोगले जनाएको छ ।

आयोगले खर्च सीमा निर्धारणसँगै प्रतिवेदन प्रणालीलाई पनि कडा बनाएको छ । निर्वाचन परिणाम सार्वजनिक भएको ३५ दिनभित्र प्रत्येक उम्मेदवारले आफ्नो आय-व्ययको विस्तृत विवरण आयोगसमक्ष बुझाउनुपर्ने छ । सो विवरण छुट्टै बैंक खाताको कारोबार विवरणसँग मिलाएर परीक्षण गरिने छ । सहायक प्रवक्ता जिसी भन्छन्, 'निर्वाचनपछि खर्च विवरण बुझाउनु कानुनी दायित्व हो । यदि कसैले विवरण नबुझाए वा गलत विवरण पेस गरे कानुनी कारबाही हुन सक्छ । आयोगले यसमा कुनै सम्झौता गर्दैन ।'

विगतका निर्वाचनहरूमा उम्मेदवारहरूले वास्तविक खर्च लुकाउने, अनौपचारिक रूपमा रकम परिचालन गर्ने वा सीमा नाघ्ने गुनासो आउने गरेका थिए ।

⏭ क्रमशः पृष्ठ २ मा



> निर्वाचन खर्च अपारदर्शी भएको, पैसा नहुने नेताले चुनाव लड्न नसकेको र पैसा जसले खर्च गर्न सक्यो उसैले जितेको भन्ने गुनासो आयोगले गरेका छलफलहरूमा दलकै उम्मेदवारहरूले बारम्बार भन्थे । त्यसलाई ध्यानमा राख्दै यसपालि निर्वाचनकै लागि छुट्टै बैंक खाता खोल्न भनिएकोमा निकै कमले खोले ।
>
> ■ कुलबहादुर जिसी
> सहायक प्रवक्ता, निर्वाचन आयोग

सन्दर्भ:वैदेशिकरोजगार

# आप्रवासी श्रमिकका लागि क्रोएसियामा अवसरसँगै चुनौती

- विदेशी कामदारहरूमा सामाजिक एकीकरण, अपनत्वको भावना र भेदभावका अनुभवमा महत्त्वपूर्ण चुनौती
- ८८.३ प्रतिशत कामदारको चाहना: क्रोएसियाली नागरिकको जस्तै गुणस्तरीय जीवनको अधिकार
- लगातार भेदभाव महसुस गर्ने १०.७ प्रतिशत

■ प्रभाव संवाददाता



**काठमाडौं–** धेरै नेपाली रहेको युरोपेली मुलुक क्रोएसियामा श्रमिकहरू हिंसामा पर्ने गरेको पाइएको छ । उनीहरूले हिंसा र उत्पीडनका बाबजुद त्यहाँको अर्थतन्त्रमा योगदान पुऱ्याइरहेको पछिल्लो सर्वेक्षणले देखाएको छ ।

क्रोएसियाको आप्रवासन अनुसन्धान संस्थाद्वारा हालसालै प्रकाशित एक सर्वेक्षणले विदेशी कामदारहरूमा सामाजिक एकीकरण, अपनत्वको भावना र भेदभावका अनुभवमा महत्त्वपूर्ण चुनौतीहरू रहेको युरोपेली सञ्चारमाध्यमले जनाएका छन् । सो सर्वेक्षण ५ देखि १७ डिसेम्बरसम्म एसिया र अफ्रिकाका ४२९ कामदारहरूमाथि प्रत्यक्षरूपमा गरिएको जनाइएको छ । सहभागीहरूमा सबैभन्दा धेरै नेपाल, फिलिपिन्स र भारतका कामदार रहेको उल्लेख गरिएको छ ।

सर्वेक्षणका अनुसार ८८.३ प्रतिशत कामदारले क्रोएसियाली नागरिकको जस्तै गुणस्तरीय जीवनको अधिकार पाउनुपर्ने जनाएका थिए । सहभागी ४० प्रतिशतले क्रोएसियाली साथी नभएको जनाएका थिए । २४ प्रतिशतले कहिल्यै स्थानीय गतिविधिमा भाग नलिएको तथा ३२.६ प्रतिशतले कहिलेकाहीँ मात्र भाग लिएको जनाएका थिए ।

७० प्रतिशतले कहिलेकाहीँ भेदभाव महसुस गरेको र १०.७ प्रतिशतले लगातार भेदभाव महसुस गरेको भनी बताएको उल्लेख गरिएको छ । सो अध्ययनका अनुसार सहभागी एक डेलिभरी राइडरले काम गर्ने क्रममा दुईपटक दुर्व्यवहार भएको बताएका थिए । युवाहरूको समूहले उनलाई आफ्नै देश फर्कन भनेका थिए भने डेलिभरी ब्याग चोर्ने प्रयाससमेत गरेको बताइएको छ । त्यस्तै, अर्का एक जना कामदारले आफूलाई कोठाको प्रतिमहिनाको शुल्क २७० युरो लिएको र आफूखुसी नियमहरू लगाइएको बताएका थिए ।

सर्वेक्षणमा सहभागीमध्ये १९.३ प्रतिशतसँग स्वास्थ्य बिमा नभएको पाइएको उल्लेख गरिएको छ । सहायता आवश्यक पर्दा ४०.८ प्रतिशत कामदारले आफ्नो रोजगारदातासँग सम्पर्क गर्ने गरेको र २५.२ प्रतिशत अन्य आप्रवासीमा निर्भर हुने गरेको देखिएको छ ।

शरणार्थी अनुसन्धान संस्थाको सर्वेक्षणले ६० प्रतिशतभन्दा बढी क्रोएसियालीले विदेशी कामदारको उपस्थितिप्रति असन्तुष्टि व्यक्त गरेको देखाएको छ । उनीहरूले सम्भावित अपराध वृद्धि, तलबमा दबाब, रोजगारी गुम्ने र सांस्कृतिक भिन्नताहहरूलाई कारण देखाएको पाइएको छ । त्यहाँको राष्ट्रिय अपराध तथ्यांकले सन् २०२४ मा नेपाली नागरिकमाथि रिपोर्ट भएका अपराध बढेकोसमेत देखाएको छ । भारतीय, फिलिपिनो र बंगलादेशी नागरिकको हकमा पनि त्यस्तै अवस्था रहेको भनिएको छ ।

त्यहाँको आन्तरिक मन्त्रालयको तथ्यांकअनुसार सन् २०२५ को जनवरी-फेब्रुअरीमा ३४ हजार ४४० स्थायी आवास र कार्य अनुमति जारी भएका थिए । जसमा नेपालीहरू शीर्षस्थानमा रहेको जनाइएको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

# घरदैलो कार्यक्रममा व्यस्त काठमाडौं-३ का उम्मेदवार


रमेश अर्याल


रामेश्वर फुयाँल


निरज लामा


कुलमान घिसिङ


राजुनाथ पाण्डे

■ प्रभाव संवाददाता

- काठमाडौं-३ मा कांग्रेसका रमेश अर्याल, एमालेका रामेश्वर फुयाँल, नेकपाका निरज लामा, उज्यालो नेपाल पार्टीले अध्यक्ष कुलमान घिसिङ, रास्वपाका राजुनाथ पाण्डेलगायत २२ जना उम्मेदवार
- कांग्रेस, एमाले, नेकपा, रास्वपाबाट नयाँ अनुहार, उज्यालो नेपाल पार्टी पहिलोपटक चुनावी प्रतिस्पर्धामा
- मतदाता आकर्षित गर्ने एजेण्डासहित घरदैलो अभियानमा

**काठमाडौं–** आसन्न प्रतिनिधिसभाको निर्वाचनका लागि काठमाडौंको निर्वाचन क्षेत्र नम्बर ३ का उम्मेदवार दलका घोषणापत्रसहित घरदैलोमा कार्यक्रममा व्यस्त छन् । आफ्ना चुनावी एजेण्डासहित आमसभा, भेटघाट, प्रचारप्रसारलगायत गतिविधिमा उम्मेदवारले सक्रियता बढाएका हुन् ।

गोर्कर्णेश्वर नगरपालिका-४ का स्थानीय भीमभक्त तामाङले स्वदेशमा रोजगारी सिर्जना गर्नेलाई मत खसाल्ने निधो गरेको बताए । उमेरले ६५ कटेका उनले रोजगारीको अभावका कारण छोराछोरीलाई बूढेसकालमा विदेश पठाउनुपर्ने बाध्यता रहेकाले स्वदेशमा रोजगारी सिर्जना गर्नेलाई मत दिने धारणा राखे । 'यो उमेरमा छोराछोरीसँग टाढा बस्नुपर्ने बाध्यता छ, स्वदेशमा रोजगार दिए कसलाई विदेसिन मन हुन्छ ?,' उनले प्रश्न गरे । आसन्न प्रतिनिधिसभाको निर्वाचनमा मतदान गर्दा स्वदेशमा युवा टिकाउने नेतालाई प्राथमिकतामा राख्ने तामाङले सुनाए ।

काठमाडौं क्षेत्र नम्बर ३ मा पुराना र नयाँ पार्टीका अधिकांश नयाँ नेताको अनुहार देखिन्छ । नेपाली कांग्रेस र नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी (नेकपा), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र उज्यालो नेपाल पार्टीका उम्मेदवार राजनीतिक परिवर्तनका लागि निर्वाचनमा सहभागी छन् । यही फागुन २१ गते हुने निर्वाचनमा राजनीतिक दल र स्वतन्त्र गरी २२ जनाले उम्मेदवारी दिएका जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

काठमाडौं-३ मा कांग्रेसले रमेश अर्याल, एमालेले रामेश्वर फुयाँल, रास्वपाले राजुनाथ पाण्डे, नेकपाले निरज लामा, उज्यालो नेपाल पार्टीले अध्यक्ष कुलमान घिसिङलाई उम्मेदवार बनाएको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमशः

## चुनाव खर्चको...

त्यसैले यसपटक आयोगले बैंक खातामार्फत सबै खर्च सञ्चालन गर्ने व्यवस्था लागू गर्दै निगरानीलाई थप प्रभावकारी बनाउने प्रयास गरेको हो । छुट्टै खाता अनिवार्य गर्ने व्यवस्था चुनावी वित्त व्यवस्थापन सुधारतर्फ महत्त्वपूर्ण कदमको रूपमा पनि हेरिएको छ । यसले उम्मेदवारलाई कानुनी दायराभित्र रहेर खर्च गर्न बाध्य बनाउने, प्रतिस्पर्धालाई तुलनात्मकरूपमा निष्पक्ष बनाउने र मतदातामा विश्वास बढाउने अपेक्षा गरिएको छ । साथै, चुनावी प्रक्रियामा कालो धनको प्रयोग घटाउने सम्भावना पनि रहेको विश्लेषण हुने गरेको छ ।

तर, आयोगको निर्देशनपछि पनि निकै कम संख्याका दल र उम्मेदवारले निर्वाचन प्रयोजनका लागि छुट्टै खाता खोलेबाट कार्यान्वयन चुनौतीपूर्ण हुने देखिएको छ । कतिपय अवस्थामा समर्थक वा तेस्रो पक्षमार्फत हुने खर्चलाई नियन्त्रण गर्न निरन्तर निगरानी आवश्यक पर्ने आवाज पनि उठेको छ । आयोगले भने यस्ता गतिविधि रोक्न अनुगमन संयन्त्र सक्रिय बनाइने जानकारी दिएको छ ।

■■■

## सम्मानित...

प्रतिज्ञापत्रमा भनिएका कुरा पूरा गरेर छाड्ने उनले बताए । 'राजा जनकको भूमिमा घोषणा गर्न, बाचा गर्न आएको होइन, प्रतिज्ञा गर्न आएको हुँ,' उनले भने, 'राजा जनकले जस्तै कांग्रेसले आफ्नो प्रतिज्ञाबाट एक इन्च पर सर्ने छैन ।'

सभापति थापाले सार्वजनिक गरेको प्रतिज्ञापत्रमा पार्टीले आगामी पाँच वर्षलाई संरचनात्मक सुधारको प्रारम्भिक चरणका रूपमा परिभाषित गरेको छ । प्रत्येक नागरिकको स्वतन्त्रता, पहिचान र स्वाभिमानको संरक्षण गर्दै कुनै पनि प्रकारको विभेद, हिंसा र बहिष्कार अन्त्य गर्ने लक्ष्य उल्लेख गरिएको छ । जात, धर्म, लिङ्ग वा भूगोलका आधारमा हुने असमानता हटाएर समान अवसर सुनिश्चित गरिने प्रतिबद्धता जनाइएको छ ।

कांग्रेसले युवालाई देशभित्रै रोजगारी र उद्यमको अवसर उपलब्ध गराउने नीति अघि सारेको छ । विदेसिएका नेपालीको सीप, ज्ञान र पुँजीलाई स्वदेश विकासमा जोड्ने तथा स्वदेशमै 'फर्कन मन लाग्ने' वातावरण बनाउने लक्ष्य राखिएको छ ।

प्रतिज्ञापत्रले लगानीमैत्री वातावरण, निजी क्षेत्रको प्रोत्साहन र उत्पादन वृद्धिमार्फत रोजगारी सिर्जना गर्ने योजना प्रस्तुत गरेको छ । श्रमिकको उचित पारिश्रमिक, सामाजिक सुरक्षा र वैध व्यवसायलाई प्रोत्साहन गर्दै अवैध सम्पत्ति आर्जनमा कडाइ गर्ने नीति उल्लेख गरिएको छ । कृषिलाई आधुनिक र सम्मानित पेसा बनाउने, सिँचाइ, मल, बिमा र बजार पहुँच सुनिश्चित गर्ने तथा कृषि उत्पादनलाई ब्राण्डिङ गरेर अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउने लक्ष्य राखिएको छ । किसानलाई देशको विकासको मुख्य सारथीका रूपमा स्थापित गर्ने भनिएको छ ।

प्रतिज्ञापत्रमा स्वास्थ्य सेवामा समान पहुँच, प्रभावकारी बिमा प्रणाली र गुणस्तरीय उपचार सुनिश्चित गर्ने प्रतिबद्धता छ । 'उपचार नागरिकको अधिकार' भन्ने मान्यताका आधारमा अस्पताल र औषधिमा पहुँच विस्तार गर्ने योजना उल्लेख छ । शिक्षालाई खर्च होइन, लगानीका रूपमा लिँदै आर्थिक अवस्थाका कारण कोही पनि शिक्षाबाट वञ्चित नहुने व्यवस्था गर्ने कांग्रेसको प्रतिज्ञा छ । प्रविधिमैत्री शिक्षा, पोषण कार्यक्रम र जीवनोपयोगी सीप विकासमा जोड दिइएको छ ।

प्रतिज्ञापत्रले कानुनको शासन सुदृढ गर्दै भ्रष्टाचार नियन्त्रण, सरकारी सेवामा डिजिटल प्रविधिको विस्तार र सार्वजनिक संस्थामा राजनीतिक हस्तक्षेप अन्त्य गर्ने लक्ष्य राखेको छ । नागरिकले सहज रूपमा सेवा पाउने प्रणाली विकास गर्ने एजेण्डा समेटिएको छ । देशमा बोलिने भाषा, अपनाइने संस्कृति र परम्पराको संरक्षण गर्दै आधुनिक विकाससँग सन्तुलन कायम गर्ने नीति प्रस्तुत गरिएको छ । विविधतामाथि गर्व गर्दै समावेशी राष्ट्र निर्माण गर्ने प्रतिबद्धता कांग्रेसले प्रतिज्ञापत्रमा जनाएको छ ।

यस्तै, राष्ट्रिय हित र समानताको आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गर्ने, नेपाललाई जिम्मेवार वैश्विक सदस्यका रूपमा स्थापित गर्ने लक्ष्य राखिएको छ ।

ऊर्जा, पर्यटन, सूचना प्रविधि, यातायातलगायत क्षेत्रमा तीव्र विकास गर्दै प्रतिस्पर्धी अर्थतन्त्र निर्माण गर्ने योजना अघि सारिएको छ । प्राकृतिक स्रोतको संरक्षण गर्दै दिगो विकासमा जोड दिइएको छ ।

■■■

## आप्रवासी...

आठ हजार २०० अर्थात् करिब २४ प्रतिशत अनुमति नेपालीले लिएको तथ्यांक छ । त्यसपछि यस्तो अनुमति लिनेमा फिलिपिनो चार हजार ४०० र भारतीय चार हजार रहेको जनाइएको छ । गत वर्षको पर्यटकीय सिजन बचाउन विदेशी कामदारले महत्त्वपूर्ण भूमिका खेलेको जनाइएको छ ।

पछिल्लो समय उदयीमान गन्तव्य बनेको क्रोएसिया पुगेकाहरूले जीवनस्तर सुधारिएको पनि बताएका छन् । ४५.९ प्रतिशत सहभागीले यस्तो बताउँदा ३२.४ प्रतिशतले सामान्य सुधार भएको भनेका थिए । सात प्रतिशतले भने जीवन स्तरमा गिरावट आएको बताएका छन् । क्रोएसियाको जनसंख्या घट्दै जाँदा प्रमुख क्षेत्रमा जनशक्तिको अभाव भएको बताइन्छ । जसकारण केही वर्ष यता एसियाबाट हजारौं विदेशी कामदारहरू लग्न थालिएको छ । सन् २०२३ मा क्रोएसिया युरोपको पासपोर्टरहित शेन्जेन क्षेत्रसँग समाहित भएपछि तीव्र भएको पाइन्छ ।

विश्व बैंकको तथ्यांकअनुसार सन् २०२३ मामात्रै क्रोएसियाबाट ६८.५ मिलियन युरोबराबरको रेमिटचान्स नेपाल भित्रिएको थियो । क्रोएसिया, अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा नेपालबाट रोजगारी लागि सबैभन्दा बढी श्रमिक लैजाने युरोपियन मुलुक बनेको थियो । त्यस वर्ष १५ हजार ३६५ जना रोजगारीका लागि त्यहाँ गएको वैदेशिक रोजगार विभागको तथ्यांक छ । त्यस्तै, आव २०८१/८२ मा १३ हजार ८३५ जना क्रोएसिया गएका थिए ।

■■■

## घरदैलो...

कांग्रेस, एमाले, नेकपा, रास्वपाले विगतको निर्वाचनमा नदोहोरिएका अनुहारलाई उम्मेदवार बनाएको छ भने उज्यालो नेपाल पार्टी निर्वाचनका लागि पहिलो अनुभव बटुल्दै गरेको यो नयाँ अनुहार हो ।

यसअघि २०७९ को प्रतिनिधिसभाको निर्वाचनमा नेपाली कांग्रेसका सन्तोष चालिसे यस क्षेत्रबाट निर्वाचित भएका थिए । उनी १५ हजार १५८ मतले ल्याएर निर्वाचित भएका थिए ।

कांग्रेसका उम्मेदवार अर्यालले काठमाडौं क्षेत्र-३ मा विगतका जनप्रतिनिधिले गरेका विकास र समृद्धिको कामलाई निरन्तरता दिँदै जनताको भावनाअनुरूप विकासको मार्गचित्र तयार गर्ने बताए । एमालेका उम्मेदवार फुयाँलले संविधानका अधिकार कार्यान्वयन गर्न कानुन बनाउनुपर्ने, सुशासन, समृद्धि, युवालाई स्वदेशमा रोजगार र मुलुकलाई आत्मनिर्भर बनाउने जिम्मेवारीसहित आफूले उम्मेदवारी दिएको बताए ।

उज्यालोका नेपाल पार्टीका उम्मेदवार घिसिङले घोषणापत्र जारी गर्दै 'गफ होइन कामः भाषण होइन परिणाम' भन्ने मुख्य नारा समेटेर घरदैलो कार्यक्रममा सक्रियता बढाएका छन् । नागरिकको भरोसा जित्ने काममा आफू र आफ्नो पार्टी समर्पित रहेको बताउँदै उनले जनताको मन जित्ने र जनमुखी काम गर्ने प्रतिबद्धता जनाए ।

रास्वपाका उम्मेदवार पाण्डेले पछिल्लो समय युवाको सक्रियतामा विकास गर्ने उद्देश्य महत्त्वका साथ लिएको बताए । अरुभन्दा फरक हुने भएकाले युवा सक्रियताले देश बनाउने विश्वासका साथ अब नेतृत्व बदलिने, मुलुक सञ्चालन प्रणाली बदलिने र यसले सकारात्मक परिवर्तन ल्याउने उनले विश्वास व्यक्त गरे ।

निर्वाचन क्षेत्र नं ३ की निर्वाचन अधिकृत चमिला भट्टराईका अनुसार यहाँ पुराना र नयाँ पार्टीका उम्मेदवारबीच हुने प्रतिस्पर्धामा जनताले स्वःविवेक प्रयोग गरी मतदान गर्नुपर्ने छ । 'अहिले उम्मेदवारहरू मतदाताको घरदैलोमा पुग्नुभएको छ, मतदाता पनि उत्साहित देखिन्छन्,' उनले भनिन्, 'यद्यपि निर्वाचन आचारसंहिताभित्रै प्रचारप्रसार भए/नभएकोमा हामी सचेत छौं ।'

काठमाडौं-३ मा गोकर्णेश्वर नगरपालिकाका नौवटा वडा, कागेश्वरी मनोहरा नगरपालिका-१, २ र ३ नं वडा तथा काठमाडौं महानगरपालिका-६ नं वडा पर्दछन् । निर्वाचन आयोगका अनुसार यो निर्वाचन क्षेत्रमा कूल मतदाताको संख्या ६४ हजार ४७९ रहेका छन् । यस क्षेत्रमा ७२ मतदान केन्द्र तोकिएको निर्वाचन अधिकृत भट्टराईले जानकारी दिइन् ।

# बंगलादेशका प्रधानमन्त्रीद्वारा निर्वाचनको सफलताको कामना

**काठमाडौं (प्रस)–** बंगलादेशका प्रधानमन्त्री तारिक रहमानले आगामी फागुन २१ गतेका लागि निर्धारित प्रतिनिधिसभा सदस्य निर्वाचन सफलतापूर्वक सम्पन्न होस् भन्ने कामना गरेका छन् ।

बंगलादेशका प्रधानमन्त्रीले परराष्ट्रमन्त्री बालानन्द शर्मासँग मंगलबार साँझ भएको भेटमा नेपालमा आसन्न संसदीय निर्वाचनको सफलताको शुभकामना व्यक्त गरेको ढाकास्थित नेपाली राजदूतावासले जनाएको छ । त्यस अवसरमा मन्त्री शर्माले बंगलादेशको प्रधानमन्त्री भएकामा उनीप्रति हार्दिक बधाइ ज्ञापन गर्दै प्रधानमन्त्री सुशीला कार्कीले पठाएको बधाइ सन्देश हस्तान्तरण गरेका थिए ।

सन्देशमा प्रधानमन्त्री कार्कीले प्रधानमन्त्री रहमानलाई बधाइ दिँदै दुवै देश र जनताका साझा हितका लागि आपसी सम्मान, साझा प्रतिबद्धता र साझेदारीको भावनाका साथ उनसँग काम गर्ने इच्छा व्यक्त गरेकी छन् । दूतावासका अनुसार परराष्ट्रमन्त्री शर्माले निर्वाचन सफलतापूर्वक सञ्चालन गरी लोकतान्त्रिक प्रक्रियामा सहज संक्रमण सुनिश्चित गरेकोमा बंगलादेश सरकारको सराहना गर्दै नेता रहमान नेतृत्वको बंगलादेश नेशनलिस्ट पार्टीले बहुमत हासिल प्राप्त गरेकामा बधाइ ज्ञापन गरे ।

प्रधानमन्त्री रहमानले शपथग्रहण समारोहमा सहभागी भएकोमा मन्त्री शर्मालाई धन्यवाद दिँदै यसले नेपाल सरकार र जनताका तर्फबाट बंगलादेश सरकार र जनताप्रति दर्शाइएको सद्भाव र एकता प्रतिबिम्बित गरेको बताए ।

### मोटरसाइकल हराएको सूचना

मिति २०८२।११।०३ गते काठमाडौं जिल्ला तिलगंगा अस्पताल नजिकैको पेट्रोल पम्प अगाडी पार्किङ गरी राखिएको अवस्थामा कालो रङ्गको बजाज कम्पनीको पल्सर २२० सि.सि. F ABS मोटरसाइकल अन्दाजी रातको ८:३० देखि १०:३० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : हुलास फिन सर्भ हायर पर्चेज लि.**
**ऋणीको नाम : रमेश कार्की**
**बाइक नं.: बागमती प्रदेश ०२- ०६१ प ९१७३**
**च्यासिस नं.: MD2A13EX1SCD85351**
**इन्जिन नं. : DKXCSD 30920**
**ठेगाना : स्थाई धुनिबेशी-७, धादिङ, हाल नार्गजुन-६, काठमाडौं**
**सम्पर्क नं. ९८६३४३८६४४/ ९८१८६९७९६१**


### कतारमा रोजगार
कम्पनी : NEW JERSEY WEDDING AND SERVICES
पूर्व स्वीकृति मिति : २०८२/०६/२२ पुन विज्ञापन स्वीकृति मिति : २०८२/११/०६ LT. No. 331944 चलानी नं. ६०२४५६८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 2 | 0 | 1800 | ७१.६३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Dry Cleaning Worker | 0 | 3 | 1000 | ३९.७९५ | | | | | | | |
| 3 | Guest Service Agent | 6 | 0 | 1500 | ५९.६९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १४ गते (26th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ABC PLACEMENTS PVT. LTD
LIC 537/061/62
Gaushala-9, Kathmandu, Nepal, Tel : 977-1-4582340,
Email : infoabcplacement@gmail.com, info@abcplacement.com, Website: www.abcplacement.com

### ओमनमा रोजगार
कम्पनी : ISSAM AL SABRI MODERN PROJECTS
पूर्व स्वीकृति मिति : २०८२/११/०५ LT. No. 339131 चलानी नं. ६०२५२६८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव OR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Service Crew (Sandwich Maker) | 3 | 0 | 140 | ५२,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १४ गते (26th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

### युएइमा रोजगार
कम्पनी : GAYATHI CONSTRUCTION
पूर्व स्वीकृति मिति : २०८२/११/०५ LT. No. 339206 चलानी नं. ६०२५२६५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Technician/telecommunication | 2 | 0 | 1500 | ५९.१७० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter | 10 | 0 | 1500 | ५९.१७० | | | | | | | |
| 3. | Labour | 18 | 0 | 1000 | ३९.४४५ | | | | | | | |
| 4. | Stone Mason | 10 | 0 | 1500 | ५९.१७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १४ गते (26th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


DAR AL KHALEEJ OVERSEAS MANPOWER CONCULTANT
श्रम ईजाजत नं. ५५७/०६२/६३
Sambhu Marg, Airport, Kathmandu, Nepal, Contact no.: 01- 4569996, 9804821491, 9801041130
Email: Info@daralkhaleej.com.np, Web: www.daralkhaleej.com.np

### साउदीमा रोजगार
कम्पनी : ATHEER MOHAMMAD MOHAMMAD ALSULAIMAN ESTABLISHMENT FOR GENERAL CONTRACTING
पूर्व स्वीकृति मिति : २०८२/११/०५ LT. No. 339141 चलानी नं. ६०२५२६६२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 4 | 0 | 1800 | ६९,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १४ गते (26th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


DOTI OVERSEAS PVT. LTD.
Govt. License 1294/074/075
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel : 01-5912764, 5912763, Itahari Branch Office no: 025-590547
Mob: 9851062705/9860584683/9841555361, 9862742223, E-mail : doti.overseas1294@gmail.com, website: www.dotioverseas.com.np

### युएइमा रोजगार
कम्पनी : GOLDEN LINE MAINTENANCE AND GENERAL CLEANING
पूर्व स्वीकृति मिति : २०८२/११/०५ LT. No. 339162 चलानी नं. ६०२५२६५३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | TILE MAKER / MARBLE FIXER | 7 | 0 | 1500 | ५९,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १४ गते (26th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Elite Gurkhas Overseas Pvt. Ltd.
श्रम ईजाजत नं.५३५/०६१/०६२
Gongabu Townplanning-26 Kathmandu, Nepal, Tel.: +977-1-4975567, 4975568,
E-mail: proelitegurkhas@gmail.com, Web: www.elitegurkhasoverseas.com

### ओमनमा रोजगार
कम्पनी : NAJMATUL HAFL AL MOMAYYEZA TRADING
पूर्व स्वीकृति मिति : २०८२/०७/२८ पुन विज्ञापन स्वीकृति मिति : २०८२/११/०६ LT. No. 333722 चलानी नं. ६०२४७३६३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव OR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manicurist | 0 | 2 | 170 | ६४,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १४ गते (26th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Emerald Isle Nepal Pvt. Ltd. (GULMI OVERSEAS PVT LTD)
श्रम ईजाजत नं. ११०८/०७३/०७४
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-014588542/4589323,
Email:- emeraldislenepal@gmail.com, info@einepal.comSS


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**बिहीबार, ०७ फागुन, २०८२**

| | |
|---|---|
| **मेष** | उत्साहमा वृद्धि हुने छ । गणेश अथर्वशिर्षको पाठ सुन्नुहोला । |
| **वृष** | खर्च बढ्ने योग रहेको छ । कुबेरको ध्यान गरेमा लाभ मिल्ने छ । |
| **मिथुन** | व्यापारमा लाभ मिल्ने छ । भिमेश्वर महादेवको प्रार्थना गरेमा विघ्न हटेर जाने छ । |
| **कर्कट** | कार्यक्षेत्रमा प्रशम्सा बढ्ने छ । भगवान शिवको स्मरण गर्दै दिनको सुरुवात गर्नु लाभप्रद हुने छ । |
| **सिंह** | नयाँ योजना बन्ने छन् । सूर्यनारायणको स्तुति गर्नुहोला । |
| **कन्या** | बौद्धिक कार्यमा सफलता मिल्ने छ । भगवान बुद्धको ध्यान गर्नुहोला । |
| **तुला** | पारिवारिक सुख मिल्ने छ । माता अन्नपूर्णाको ध्यान गर्नुहोला । |
| **वृश्चिक** | साहस र पराक्रम बढेर जाने छ । हनुमानजीको ध्यान गर्नुहोला । |
| **धनु** | बोलिको प्रभाव बढ्ने छ । माता बागदेविको स्तुति गान गर्नुहोला । |
| **मकर** | आत्मविश्वास बढ्ने छ । भगवान नर्सिंहको ध्यान गर्नुहोला । |
| **कुम्भ** | वैदेशिक कार्यमा सफलता मिल्ने छ । शनिदेवको वैदिक स्तुति गान गर्नुहोला । |
| **मीन** | अधुरा कामहरू पूरा हुने छन् । विष्णु सहस्रनामको पूर्ण स्तुति श्रवण गर्नुहोला । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०७ फागुन, २०८२ (१९ फेब्रुवरी, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४४.७८ | १४५.३८ |
| युरो | १ को | १७१.४८ | १७२.१९ |
| पाउन्ड स्टिर्लङ | १ को | १९६.७२ | १९७.५४ |
| स्विस फ्रैन्क | १ को | १८८.१८ | १८८.९६ |
| अस्ट्रेलियन डलर | १ को | १०२.३४ | १०२.७६ |
| क्यानाडियन डलर | १ को | १०६.१६ | १०६.६० |
| सिङगापुर डलर | १ को | ११४.६९ | ११५.१७ |
| जापानी येन | १० को | ९.४६ | ९.५० |
| चिनियाँ युआन | १ को | २०.९६ | २१.०४ |
| साउदी अरब रियाल | १ को | ३८.६० | ३८.७६ |
| कतारी रियाल | १ को | ३९.६१ | ३९.७८ |
| थाई भाट | ख १ को | ४.६३ | ४.६५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३९.४२ | ३९.५८ |
| मलेसियन रिङेट | १ को | ३७.१२ | ३७.२८ |
| दक्षिण कोरियन वन | १०० को | १०.०३ | १०.०७ |
| स्विडिस क्रोनर | १ को | १६.१३ | १६.२० |
| डेनिस क्रोनर | १ को | २२.९५ | २३.०५ |
| हङकङ डलर | १ को | १८.५३ | १८.६० |
| कुवेती दिनार | १ को | ४७४.४६ | ४७६.४२ |
| बहराइन दिनार | १ को | ३८४.०६ | ३८५.६५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# मनाइयो ग्याल्पो ल्होसार



**काठमाडौं (प्रस)–** बौद्ध धर्मावलम्बी शेर्पालगायतका समुदायले नयाँ वर्ष '२१५३ औं मे फो ता लो' ग्याल्पो ल्होसार बुधबार नेपालसहित विश्वका विभिन्न देशमा विविध कार्यक्रम आयोजना गरी उल्लासपूर्वक मनाएका छन् । पर्वका अवसरमा एकआपसमा शुभकामना आदानप्रदान गर्दै प्रेम, शान्ति र भाइचाराको सन्देश साटासाट गरी मनाएका हुन् ।

'ल्हो' अर्थात् वर्ष र 'छार' अर्थात् नयाँ भन्ने अर्थ बोकेको ल्होसारलाई शेर्पा समुदायले नयाँ वर्षका रूपमा मनाउने परम्परा छ । यस अवसरमा गाउँघर तथा टोलका बाटोघाटो र पानीका मुहान सरसफाइ गर्ने, गुम्बा दर्शन गर्ने, धर्मगुरु तथा लामाबाट आशीर्वाद लिने तथा आफन्तजनबीच भेटघाट गर्ने चलन छ । साथै, नौ प्रकारका अन्न मिसाइएको परिकार गुथुक, खाप्से र डेसिल तयार गरी खाने परम्परा छ ।

नेपाल शेर्पा संघका अध्यक्ष लाक्पाठिन्ले शेर्पाले यस पर्वलाई सांस्कृतिक उत्सवसँगै अधिकार प्राप्तिको आन्दोलनका रूपमासमेत लिनुपर्ने बताए । उनकाअनुसार ल्होसार नयाँ वर्षको सुरुआतमात्र नभइ सांस्कृतिक उत्सवको महत्त्वपूर्ण पर्व हो । यस अवसरलाई आपसी सद्भाव, शुभकामना आदानप्रदान र समुदायको अधिकारका विषय उठान गर्ने अवसरका रूपमा मनाइएको उनले बताए ।

यसै अवसरमा बुधबार शेर्पा संरक्षण समाज नेपालले बूढानीलकण्ठ नगरपालिकामा शुभकामना आदानप्रदान एवं सांस्कृतिक कार्यक्रमको आयोजना गरेको थियो । समाजका महासचिव रिञ्जिन शेर्पाले यस कार्यक्रममार्फत छरिएर रहेका शेर्पा समुदायबीच एकता र हर्ष बढाउन मद्दत गरेको बताए । पर्वका क्रममा स्याब्रु नृत्य प्रस्तुत गरिएको थियो भने टुङ्ना (डम्याङ) को मधुर धुनसँगै सामूहिक उल्लास देखिएको थियो ।

हिमाली क्षेत्रमा बसोबास गर्ने शेर्पा समुदायले चन्द्र पात्रोअनुसार फागुन शुक्लपक्ष प्रतिपदाका दिन नयाँ वर्ष सुरु हुने विश्वासका साथ ग्याल्पो ल्होसार मनाउँदै आएका छन् । नयाँ वर्षका रूपमा मनाइने यस पर्वले समाजमा नयाँ आशा, उमंग र उत्साह ल्याउने तथा आपसी प्रेम, सद्भाव, एकता र सहकार्यको भावना बलियो बनाउने विश्वास गरिएको छ । ग्याल्पो ल्होसार शेर्पा समुदायको मात्र नभइ नेपाली बहुसांस्कृतिक पहिचानको महत्त्वपूर्ण पर्वका रूपमा स्थापित हुँदै आएको छ ।

# चन्द्रागिरिसहित पाँच स्थानीय तहमा 'सामुदायिक नर्सिङ तथा घरदैलो' कार्यक्रम प्रभावकारी

**काठमाडौं–** सरकारले पाँच स्थानीय तहमा 'सामुदायिक नर्सिङ तथा घरदैलो' कार्यक्रममार्फत बच्चादेखि ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षण गर्दै आएको छ ।

काठमाडौंको चन्द्रागिरि नगरपालिका, मोरङको इटहरी उपमहानगरपालिका, महोत्तरीको बर्दिवास नगरपालिका, स्याङ्जाको वालिङ नगरपालिका र बर्दियाको बारबर्दिया नगरपालिकामा सञ्चालन गरेको कार्यक्रम प्रभावकारी बन्दै गएको स्वास्थ्य सेवा विभागका नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखाकी निर्देशक हिरादेवी निरौला जानकारी दिइन् ।

ती नगरपालिकाको प्रत्येक वडामा एक जना नर्सले खटिई स्थानीयवासीको स्वास्थ्यसम्बन्धी पूर्णतथ्यांक संकलन, स्वास्थ्य अवस्थालगायतका विवरण संकलन गर्दै सचेतना फैलाउने काम गर्ने उनले बताए । 'घरदैलो कार्यक्रममा नर्सहरू प्रत्येक घरमा गई गर्भवतीदेखि ज्येष्ठ नागरिकको स्वास्थ्य चेकजाँचसम्मको डिजिटल प्रोफाइल तयार गरिन्छ,' उनले भनिन्, 'ती व्यक्तिको स्वास्थ्य जोखिमको आधारमा समय समयमा उपचारात्मक सेवा प्रदान गर्ने गर्दछन् ।'

चन्द्रागिरि नगरपालिकाका जनस्वास्थ्य शाखाका प्रमुख एवं वरिष्ठ जनस्वास्थ्य अधिकृत शम्भुकुमार महतोले विगत तीन वर्षदेखि नगरपालिकाका १५ वटै वडामा 'सामुदायिक नर्सिङ तथा घरदैलो' कार्यक्रम सञ्चालन हुँदै आएको जानकारी दिँदै यसबाट मार्फत बालबालिका, महिला तथा ज्येष्ठ नागरिक लाभान्वित भएको बताए । उनका अनुसार कार्यक्रमअन्तर्गत सुरक्षित मातृत्व र नसर्ने रोगको सेवा बढी प्रभावकारी छन् । उनले भने, 'घरदैलोमा पुगेको समयमा नर्सहरूले रक्तचापको जाँच, मधुमेह, उच्चरक्तचाप, शरीरको तौललगायतको परीक्षण गर्दछन् ।' घरमा नै स्वास्थ्य जीवनशैली प्रवर्द्धन गरी सर्ने र नसर्ने रोग कम गराउन पनि कार्यक्रमले महत्त्वपूर्ण भूमिका खेल्ने वरिष्ठ जनस्वास्थ्य अधिकृत महतोको भनाइ रहेको छ ।

नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखाका निर्देशक निरौलाले नर्सिङ घरदैलो कार्यक्रममा खटिने नर्सले गर्भवती, सुत्केरी, सुत्केशीपश्चात्, नवशिशु स्वास्थ्य, बालस्वास्थ्य, किशोरकिशारी स्वास्थ्य, वयस्कदेखि ज्येष्ठ नागरिकलाई घरमा गई नियमित स्वास्थ्य परीक्षण र प्राथमिक उपचारसमेत प्रदान गर्ने बताइन् । यस्तै मानिसलाई मुटुरोग, मनोरोग, पाठेघरको क्यान्सर, मानसिक स्वास्थ्य, स्तन क्यान्सरसमेतको जनचेतना फैलाउने छन् । *रासस*

# कामपाका ज्येष्ठ नागरिकको स्वास्थ्य सर्वेक्षण

**काठमाडौं (प्रस)-** काठमाडौं महानगरपालिकाले ४५२ ज्येष्ठ नागरिकको स्वास्थ्य अवस्था सर्वेक्षण गर्दा ११ जनालाई तत्काल अस्पताल लैजानुपर्ने पाइएको छ । गत माघ १८ गतेदेखि सुरु गरिएको ७० वर्ष उमेर पूरा भएका ज्येष्ठ नागरिकको स्वास्थ्य सर्वेक्षण गर्ने क्रममा यस्तो अवस्था देखिएको महानगरपालिकाले जानकारी गराएको छ ।

यसैगरी, २०८ जनालाई नियमित निगरानीको आवश्यकता देखिएको कार्यक्रमका 'फोकल पर्सन' अस्पताल नर्सिङ निरीक्षक कल्पना श्रेष्ठले जानकारी दिए । यस्तै ८४ प्रश्नावलीका आधारमा सर्वेक्षण गरिँदै छ । यसबाट ८२ ज्येष्ठ नागरिक कमजोर आर्थिक अवस्थाका कारण औषधोपचार गर्न कठिन अवस्थामा छन् भने १९२ बिमा नगरिएका ज्येष्ठ नागरिक भेटिए ।

श्रेष्ठका अनुसार सर्वेक्षणमा समेटिएका ज्येष्ठ नागरिकलाई हरियो, पहेँलो र रातो 'जोन'मा वर्गीकरण गरिएको छ । हरियो जोन भनेको सुरक्षित अवस्था हो । यो जोनमा भएका ज्येष्ठ नागरिकलाई धेरै निगरानी र हेरचाह आवश्यक पर्दैन । पहेँलो जोनमा रहेका बिरामीलाई चिकित्सक, स्वास्थ्यकर्मी र परिवारको निगरानी तथा हेरचाह आवश्यक पर्छ । तत्काल अस्पताल पठाउनुपर्ने अवस्थाका ज्येष्ठ नागरिकलाई रातो जोनमा राखिएको छ । यस्ता ज्येष्ठ नागरिकलाई तत्काल नजिकको स्वास्थ्य संस्थामा 'रेफर' गर्ने थालिएको श्रेष्ठको भनाइ छ ।

तथ्यांकमा समेटिएका ३०२ महिला र १५० पुरुष गरी ४५२ ज्येष्ठ नागरिकमध्ये ४२३ जना परिवारसँगै रहेको फोकल पर्सन श्रेष्ठले जानकारी दिए । सर्वेक्षणमा शारीरिक र मानसिक स्वास्थ्य, पारिवारिक तथा सामाजिक अवस्था हेरिन्छ । उनीहरूले नियमित प्रयोग गर्ने औषधि, औषधि प्रयोग गर्ने समय तालिका, तौलमा अनायास आएको परिवर्तनलगायतका विषय हेर्ने गरिएको छ ।

ज्येष्ठ नागरिकको स्वास्थ्य अवस्था सर्वेक्षणका लागि सबै वडामा स्वास्थ्यकर्मीको टोली परिचालन गरिएको छ । ७० वर्षमाथिका स्वास्थ्य संस्थामा गएर उपचार गर्न नसक्ने ज्येष्ठ नागरिकलाई घरमै आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने कार्यक्रमलाई वास्तविकतामा आधारित बनाउन तथ्य संकलन र स्वास्थ्य परीक्षणका लागि टोली परिचालन गरिएको हो । ज्येष्ठ नागरिकलाई पहिलो प्राथमिकतामा राखेर घरमै सेवा दिने लक्ष्यसहित उपचार र सर्वेक्षण थालिएको हो ।


## वार्षिक साधारण सभामा उपस्थित हुन आउने २१ (एक्काईस) दिने सूचना

**कम्पनी रजिष्ट्रर्ड कार्यालयको मिति २०८२/१०/२९ गतेको निर्देशानुसार यस मल्टिपावर कन्सट्रक्सन कम्पनी प्रा.लि.को आ.व. २०८०/८१ र २०८१/८२ को वार्षिक साधारण सभा कम्पनीको रजिष्ट्रर्ड शाखा कार्यालय नयाँ बानेश्वर, आलोकनगर मार्गमा मिति २०८२/११/२९ गतेका दिन सञ्चालक समितिको गठन, लेखा परीक्षकको नियुक्ति तथा वार्षिक प्रगति विवरणको अनुमोदन सम्बन्धमा छलफल गरिने हुँदा दिनको दश तीस (१०:३०) बजे सम्पूर्ण शेयर होल्डर सदस्यहरूलाई उपस्थित हुन अनुरोध छ ।**

## जब डिल प्रा. लि. (लिक्वीडेशन) सम्बन्धमा हकदावी गर्न आउने बारेमा सूचना

कम्पनी ऐन बमोजिम मिति २०७६/०१/१६ मा दर्ता भएको प्रा. लि. नं. २१४१९४ को **जब डिल प्रा. लि.**लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ वमोजिम मिति २०८२/११/०५ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सरोज दाहाल लिक्वीडेटर**
इजाजत पत्र नं. ३५३, मो.नं. ९८५१२११००२

## कर्मचारी नरहेको सम्बन्धी सूचना

यस **All Asia Overseas Pvt. Ltd.** (ई.प.नं. १३०५/०७४/०७५) मा कार्यरत **उत्तम खत्री** (ना.प्र.प्र.नं.०३०२६३/२२६) आजको मितिबाट यस प्रा.लि. मा नरहेको हुनाले निज उत्तम खत्रीबाट यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम इजाजत नं. १३०५/०७४/०७५



## कतारमा रोजगार

कम्पनी : SERVICO FACILITIES MANAGEMENT AND SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०७/२८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/११/०६ | LT. No. 333736 | चलानी नं. ६०२४७४०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
विमान उड्दा वा अवतरण गर्दा टिकाथली, जडीबुटी, नरेफाँट, लोकन्थली, पेप्सीकोला, काँडाघारी, मूलपानी, गोठाटार, दक्षिण ढोका, जोरपाटी, नयाँबस्ती, बौद्ध, गौरीघाट, चावहिल, गौशाला, सिनामंगल, विमानस्थल, पिंगलथान, माइती नेपाल, गैरीगाउँ, शान्तिनगर, तीनकुने, कोटेश्वर रुट प्रयोग गरिन्छ । अथवा यी ठाउँको माथिबाट प्लेन उड्छ । यो एरियामा एकदमै घनाबस्ती छ । यहाँ ठूला र अग्ला घर, भवनदेखि पेट्रोल पम्प, ग्यास डिपो, पाटी प्यालेन्सलगायत सञ्चालन भएका छन् । यसले जोखिम अत्यन्त बढेको छ । अहिले यी एरियामा घर भएकाहरू रातभर सुत्न सक्दैनन् । एकातिर २४ सै घण्टा विमानको आवाज आइरहन्छ, अर्कोतिर विमान खस्ने हो कि भन्ने डर उत्तिकै छ ।

त्रिभुवन विमानस्थल सञ्चालित जग्गा पशुपति गुठीको हो । सँगै विमान उड्दा वा अवतरण गर्दा प्रयोग हुने रुटको जग्गा (माथि उल्लेखित ठाउँ) पनि गुठीकै हो । तर, भूमाफिया, दलालहरूले सरकारी कर्मचारी, राजनीतिक दल र कानुन व्यवसायीको मिलेमतोमा व्यक्तिको नाममा लगे । र, आम सर्वसाधारणलाई महँगोमा भिडाए । महँगोमा त्यस्तो जग्गा किनेर घर बनाएकाहरूको अहिले निद्रा न भोक छ ।

उनीहरूलाई डर र त्रासमात्रै छ, एउटै कुराको । त्यो हो विमान आफ्नो घरमाथि खस्ने । सँगै हरेक आन्दोलनमा विमानस्थल निशानामा पर्ने भएकाले त्यस आसपास घर बनाएकाहरू आफ्नो घर पनि ध्वस्त हुने चिन्तामा देखिन्छन् । विमान कहिले, कसरी र कहाँ दुर्घटनामा पर्नसक्छ ? कसैले भन्न सक्दैन । किनकि, यो आकस्मिक हो । सेकेण्डमै प्लेन दुर्घटनामा पर्नसक्छ ।

\- **रूषा थापा**, भक्तपुर

## जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । -संपादक

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

### म्याग्दीका ज्येष्ठ नागरिक भन्छन्

# वर्षौंदेखि भोट हाल्दै आयौं, तर विकास पाएनौं

■ ध्रुवसागर शर्मा



**गलेश्वर (म्याग्दी)–** म्याग्दीको बेनी नगरपालिका-४ मा पर्ने थामडाँडा गुरुङ बाहुल्यताको बस्ती हो । यो गाउँ सदरमुकाम बेनी बजारबाट नजिकै पर्छ । सोही गाउँका बासिन्दा हुन् ८८ वर्षीय जगतबहादुर गुरुङ पनि ।

गुरुङले गएको ६५ वर्षदेखि विभिन्न व्यक्ति र पार्टीलाई निर्वाचनमा मत दिँदै आएका छन् । उनको गुनासो छ, 'यतिका वर्षदेखि भोट हाल्दै आएँ, न गतिलो बाटोघाटो पाएँ, न पुल पुलेसा, न खानेपानी र सिँचाइको सुविधा । खोइ अब त भोट पनि किन हाल्ने हो र जस्तो लाग्न थालेको छ ।'

सोही गाउँकी ८६ वर्षीया सतदेवी गुरुङ भन्छिन्, 'छोरा नाति हुर्किएपछि विदेश जानुपर्छ, न देशमा काम पाइन्छ, न पौरख गरेर उत्पादन गरेको फलफूल अन्नपातको राम्रो पैसो पर्छ । सिंगा जान पुल छैन, बजार जान गतिलो मोटरबाटो छैन । चुनावको बेला को-को आउँछन्, यो गर्छु र त्यो गर्छु भनेर भोट माग्छन् । जितेपछि नाकमुखै देखाउँदैनन् ।'

बेनी नगरपालिका-२ बगरफाँटका ९२ वर्षीय वेदप्रसाद उपाध्याय पनि भोट दिँदादिँदा थाकिसकेको तर नेताहरूले भनेजस्तो अझै नभएको बताउँछन् । उपाध्याय भन्छन्, 'पहिलाको तुलनामा विकास र सुविधा हुँदै नभएको त होइन, तर भनेजस्तो र जनताले चाहेजस्तो अझै हुन सकेको छैन ।'

म्याग्दीका ज्येष्ठ नागरिक मतदाताहरूका यी प्रतिनिधिमूलक भनाइबाट दशकौंदेखि विभिन्न पार्टीका उम्मेदवारलाई भोट हाल्दै आएको तर आफूले चाहेको विकास अझैसम्म पनि नदेखिएको गुनासो व्यक्त भएको छ। चुनाव प्रचारका क्रममा गाउँ-गाउँ पुगेका उम्मेदवार तथा नेताहरूसँग भेट हुँदा उनीहरूले खुलेरै असन्तुष्टि व्यक्त गर्ने गरेका छन् ।

ज्येष्ठ मतदाताहरू भन्छन्, 'हामीले जीवनभर भोट हाल्यौं, तर सडक, स्वास्थ्य, शिक्षाजस्ता आधारभूत सुविधा अझै पनि अपूरा छन् । भोट हाल्दाहाल्दै बूढो भयौं तर विकास भने देख्न पाएनौं ।'

उनीहरूले विशेषगरी ग्रामीण भेगमा अझै पनि यातायात, खानेपानी, स्वास्थ्य सेवा र रोजगारीको अवसर अभाव रहेको उल्लेख गर्दै नेताहरूलाई प्रश्न गर्ने गरेका छन् । 'हामीलाई चुनावमा सम्झिन्छन्, तर चुनाव सकिएपछि हाम्रो आवाज हराउँछ,' मंगला गाउँपालिका-५ का ७६ वर्षीय हरिकृष्ण पौडेलले भने ।

चुनाव प्रचारका क्रममा उम्मेदवारहरूले भने आगामी दिनमा विकासका कामलाई प्राथमिकता दिने आश्वासन दिएका छन् । उनीहरूले सडक विस्तार, रोजगारी, पर्यटन, स्वास्थ्यचौकी सुदृढीकरण, शिक्षा सुधार र कृषि क्षेत्रमा लगानी गर्ने प्रतिबद्धता जनाएका छन् । तर, ज्येष्ठ नागरिकहरू भने यस्ता आश्वासन विगतमा पनि धेरै पटक सुनेको तर व्यवहारमा नदेखिएको भन्दै आशंका व्यक्त गर्छन् ।

म्याग्दीका ग्रामीण क्षेत्रका ज्येष्ठ मतदाताहरूको गुनासोले स्थानीय विकासको वास्तविक अवस्था उजागर गरेको छ । दशकौंदेखि लोकतान्त्रिक अभ्यासमा सक्रिय रहँदै आएका उनीहरूले अब ठोस काम देख्न चाहेको स्पष्ट सन्देश दिएको स्थानीय यादव रिजालले बताए । चुनावी माहोल तात्दै गर्दा ज्येष्ठ मतदाताहरूको आवाजले उम्मेदवार हरूलाई चुनौती दिएको छ । भोटमात्र होइन, अब परिणाम देखाउनुपर्ने समय आएको छ ।

मालिका गाउँपालिका-२ रुमका ७९ वर्षीय टेकबहादुर विक भन्छन्, 'हामीले जीवनभर भोट हाल्यौं । सडक अझै अधुरा छन्, अस्पतालमा औषधि छैन, छोराछोरी रोजगारीको खोजीमा विदेश जानुपरेको छ । भोट हाल्दाहाल्दै बूढा भयौं तर विकास भने देख्न पाएका छैनौं ।'

सोही स्थानकी ७० वर्षीया जमुना थापा भन्छिन्, 'चुनाव आउँदा नेताहरू ढोग्छन्, हात समात्छन्, आशीर्वाद माग्छन् । तर चुनाव सकिएपछि हाम्रो गाउँमा फर्केर हेर्ने कोही हुँदैन ।' म्याग्दीमा उम्मेदवारहरूले रोजगारी, प्रविधि, शिक्षा र स्वास्थ्यलाई मुख्य एजेण्डा बनाएका छन् । जनभेटघाटमा उनीहरूले वृद्धवृद्धासँग आशीर्वाद लिने, हात समातेर केही पाइला हिँड्ने, परिवारको हालखबर सोध्नेजस्ता आत्मीय व्यवहार देखाइरहेका छन् । तर मतदाताहरूले यस्ता व्यवहारलाई चुनावी रणनीतिमात्र ठानेका छन् ।

उम्मेदवारहरूले ग्रामीण सडक विस्तार, स्वास्थ्यचौकी सुदृढीकरण, शिक्षा सुधार र कृषि क्षेत्रमा लगानी गर्ने प्रतिबद्धता जनाएका छन् । तर ज्येष्ठ नागरिकहरू विगतमा पनि यस्ता आश्वासन धेरै पटक सुनेको तर व्यवहारमा नदेखिएको भन्दै शंका व्यक्त गरिरहेका छन् । ज्येष्ठ मतदाताहरूले अब ठोस काम देख्न चाहेको स्पष्ट सन्देश दिएका छन् । उनीहरूको भनाइमा, 'हामीलाई भोट माग्न आउनुहोस्, तर चुनाव सकिएपछि पनि हाम्रो गाउँमा फर्केर हेर्नुहोस् । हामीलाई आधारभूत सुविधा दिनुहोस् ।'

ज्येष्ठ मतदाताहरूका यी गुनासाहरूलाई उम्मेदवारहरूले पनि गम्भीररूपमा लिएका छन् । नेपाली कांग्रेसका उम्मेदवार कर्णबहादुर भण्डारीले ज्येष्ठ नागरिकहरूको चाहना पूरा गर्नेगरी काम गर्ने बताए । जनताले खोजेको सुशासन, रोजगारी र भ्रष्टाचारको अन्त्य नै आफ्नो मुख्य एजेण्डा भएको बताए । उनले भने, 'उनीहरूको गुनासोलाई म आत्मसात् गर्दै विभाजनको राजनीति होइन सबैलाई समेट्ने विकासको बाटोमा लाग्ने प्रतिबद्धता व्यक्त गर्दछु । मतदाताको विश्वासलाई कामबाटै प्रमाणित गर्छु ।'

त्यस्तै नेकपा एमालेका उम्मेदवारका हरिकृष्ण श्रेष्ठले नेकपा एमाले जनताको सुख दुःखमा सधैंभरि जनतासँगै रहेको बताउँदै जनताको चाहनाअनुसार नै आफूले काम गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले भने, 'समाजलाई विभाजन गर्ने भाषाशैली होइन, जनताको पक्षमा उभिने राजनीति आवश्यक छ । गरिब, किसान र युवाका मुद्दा संसद्मा बलियो रूपमा उठाउने छौं ।'

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का उम्मेदवार अर्जुनबहादुर थापाले 'म्याग्दीमा अधुरा विकास योजना पूरा गर्नु आफ्नो प्राथमिकता भएको बताए । उनले भने, 'आश्वासन होइन, स्पष्ट योजना र समयसीमासहित काम गरेर देखाउने हाम्रो लक्ष्य छ ।'

त्यस्तै शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीबाट राजिनामा दिएर म्याग्दीबाट स्वतन्त्र उम्मेदवार बनेका महावीर पुनले आफूलाई परम्परागत राजनीतिभन्दा फरक भएको दाबी गर्दै भने 'जनताले पुरानो शैली अस्वीकार गरिसकेका छन् । पारदर्शिता, जवाफदेहिता र परिणाममुखी काम नै मेरो पहिचान हुने छ ।'

एउटामात्र निर्वाचन क्षेत्र रहेको म्याग्दीमा कूल ८६ हजार ३९७ मतदाता कायम भएका छन् । यस जिल्लामा आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि राजनीतिक दल र स्वतन्त्र गरी १२ जना उम्मेदवार चुनावी मैदानमा रहेका छन् । *रासस*

## म्याग्दीलाई हिमाली जिल्लाको मान्यता कार्यान्वयन गराउने प्रमुख मुद्दा

**म्याग्दी–** म्याग्दीका उम्मेदवारले हिमाली जिल्लाको मान्यता कार्यान्वयन गराउने विषयलाई मुख्य चुनावी मुद्दा बनाएका छन् । सात वर्षअघि सरकारले केही नेपाल ऐन संशोधन गरेर म्याग्दीलाई हिमाली जिल्लामा सूचीकृत गरे पनि व्यावहारिकरूपमा कार्यान्वयनमा आउन नसकेकाले यहाँका उम्मेदवारले उक्त विषयलाई चुनावी मुद्दा बनाएका हुन् ।

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा उम्मेदवारले हिमाली जिल्लाको मान्यतालाई कार्यान्वयन गराउन ऐन, नियम र कार्यविधि संशोधन गर्ने विषयलाई प्राथमिकता दिने प्रतिबद्धता जनाएका हुन् । सरकारले २०७५ फागुन १९ गते राजपत्रमा प्रकाशित गरी म्याग्दीलाई २१औं हिमाली जिल्लाका रूपमा सूचीकृत गरेको थियो । ऐन तथा कानुन संशोधन नहुँदा हिमाली जिल्लाको मापदण्डअनुसार संघीय र प्रदेश सरकारले विनियोजन गर्ने बजेट, सञ्चालन गर्ने योजना, स्थानीय तहले पाउने अनुदान, शिक्षक तथा कर्मचारीले सेवासुविधालगायत पाउन सकेका छैनन् ।

नेपाली कांग्रेसका उम्मेदवार कर्णबहादुर भण्डारीले म्याग्दीले पाएको हिमाली जिल्लाको मापदण्ड कार्यान्वयन गराएर विकास आयोजना कार्यान्वयन गराउनेदेखि सार्वजनिक सेवा प्रवाहमा सहजता ल्याउनुपर्ने मुख्य आवश्यकता रहेको बताए । तराई, सहरी र सुगम जिल्लाको मापदण्ड र कार्यविधिका कारण म्याग्दीमा विकास निर्माण र सार्वजनिक सेवा प्रवाहमा असर परेकाले कानुन संशोधन गर्नुपर्नेमा नेकपा एमालेका उम्मेदवार हरिकृष्ण श्रेष्ठले जोड दिए ।

विकास आयोजना कार्यान्वयनमा देखिएको जटिलता, कर्मचारी आउनै नमान्ने, आए पनि सुगम क्षेत्र खोजेर जाने गर्नाले सार्वजनिक सेवा प्रवाहमा देखिएको समस्या समाधानका लागि हिमाली जिल्लाको मापदण्ड कार्यान्वयन गराउनुपर्ने नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार अर्जुन थापाले बताए ।

सन्तुलित विकासका लागि हिमाली जिल्लाको मापदण्ड कार्यान्वयनमा जोड दिने स्वतन्त्र उम्मेदवार महाविर पुनले उल्लेख गरे । शिक्षक तथा कर्मचारीले हिमाली जिल्लाको मापदण्डअनुसार अतिरिक्त आर्थिक सुविधा र कार्यसम्पादन मूल्यांकनको अंक नपाउँदा आकर्षित हुन सकेका छैनन् । सुगम ठाउँको मापदण्डलाई आधार मानेर दुर्गम र हिमाली जिल्लाको योजनामा छुट्ट्याइने र बजेट अपुग हुने भएकाले अलपत्र पर्ने, अधुरा हुने र पूर्णता दिनका लागि नागरिक तथा स्थानीय तहलाई बढी भार पर्दै आएको उम्मेदवारको भनाइ छ । सुविधा र मूल्यांकन नहुँदा सरकारी कार्यालयमा दरबन्दीअनुसारको कर्मचारी अभाव हुने समस्या पनि देखिएको उनीहरूले बताए ।

हिमाल नजिकका बस्ती पहाडी भेगमा सूचीकृत हुँदा राज्यले हिमाली भेगका अन्य जिल्लाका बासिन्दालाई दिने सेवा सुविधाबाट म्याग्दीका दुर्गम बस्तीका बासिन्दा वञ्चित भएका धवलागिरि गाउँपालिका-१ गुर्जाका वडाध्यक्ष झकबहादुर छन्त्याललले बताए । धौलागिरि गाउँपालिकाको मुदी, गुर्जा, मल्कवाङ, रघुगंगाको कुइनेमंगले, चिमखोला, अन्नपूर्णको नारच्याङ र शिखको भूभाग हिमालसँग जोडिएका छन् । विश्वको सातौं अग्लो (८,१६७ मिटर) धौलागिरि प्रथमदेखि छैटौंसम्मका चुचुरासँगै मानापाथी, गुर्जा, चुरेन, पुथा, अन्नपूर्ण प्रथम, बराह शिखर, नीलगिरि हिमालको दक्षिण र पूर्वी मोहडा म्याग्दीको भूगोलमा समेटिएको वडाध्यक्ष छन्त्यालले जानकारी दिए ।

४५ वडा र छ स्थानीय तह रहेको म्याग्दीमा आसन्न निर्वाचनका लागि ११ दल र एक जना स्वतन्त्र उम्मेदवार प्रतिस्पर्धामा छन् । कांग्रेसका भण्डारी, एमालेका श्रेष्ठ, नेपाली कम्युनिस्ट पार्टीका थापा र स्वतन्त्र उम्मेदवार पुन मुख्य प्रतिस्पर्धी देखिएका छन् । यसैबीच, राष्ट्रिय स्वतन्त्र पार्टीका युवराज रोकाको उम्मेदवारी कायम रहे पनि उनले पुनलाई समर्थन गर्ने घोषणा गरेका छन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का डम्मरबहादुर सुवेदी, नेकपा माओवादीका क्षेत्रबहादुर घिमिरे, प्रगतिशील लोकतान्त्रिक पार्टीका देवेन्द्र कामी, श्रम संस्कृति पार्टीका विनोद राना, राष्ट्रिय जनमोर्चाका छेमबहादुर विश्वकर्मा, मंगोल नेसनल अर्गनाइजेसनका भीमबहादुर लामा र नेशनल रिपब्लिकन नेपालका तुलप्रसाद गर्बुजा उम्मेदवार बनेका छन् । म्याग्दीमा ८६ हजार ३९७ जना मतदाता छन् भने ८२ वटा मतदानस्थल र १२० वटा मतदान केन्द्र कायम गरिएका छन् । *रासस*



**निर्वाचन सामग्री व्यवस्थापन** | निर्वाचन नजिकिँदै जाँदा गुल्मीको सदरमुकाम तम्घासस्थित जिल्ला निर्वाचन कार्यालयमा बुधबार निर्वाचन आयोगद्वारा पठाएका निर्वाचन सामग्रीको व्यवस्थापन गर्दै कर्मचारी एवं सशस्त्र प्रहरी । *तस्बिरः रासस*

## मुस्ताङका ३९ मतदानस्थलमा २४० कर्मचारी खटाइँदै

**मुस्ताङ (प्रस)–** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि हिमाली जिल्ला मुस्ताङका ३९ मतदानस्थलमा २४० कर्मचारी खटाइने भएको छ । यहाँस्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयले एक मतदानस्थलमा छ कर्मचारी रहनेगरी उक्त संख्यामा निर्वाचनस्थलमा कर्मचारी खटाउने तयारी गरेको हो ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयका सहायक निर्वाचन अधिकृत दीपेन्द्र पौडेलका अनुसार मुस्ताङका ३९ मतदानस्थलमा मतदान अधिकृत तथा सहायक मतदान अधिकृत गरी ७८ जना कर्मचारी खटाइने तयारी भइरहेको छ । निर्वाचनका लागि एक मतदानस्थलमा एक जना मतदान अधिकृत, एक जना सहायक मतदान अधिकृत, तीन जना सहायक कर्मचारी र एक जना सहयोगी कर्मचारी खटिने सहायक निर्वाचन अधिकृत पौडेलले बताए ।

घोषित प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि निर्वाचनमा खटाइने कर्मचारीहरू पहिलो प्राथमिकतामा संघीय कार्यालय, दोस्रो प्राथमिकतामा प्रादेशिक कार्यालय र तेस्रो प्राथमिकतामा स्थानीय तहका कर्मचारीलाई समावेश गरिएको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालय जिल्ला कारागार मुस्ताङको अस्थायी मतदानस्थलका लागि पनि थप मतदान अधिकृत र सहायक मतदान अधिकृत गरी छ जना कर्मचारी खटाइने बताएको छ ।

यसैगरी हिमाली जिल्ला मुस्ताङमा ५०० भन्दा बढी मतदाता रहेको मतदानस्थलको संख्या आठ वटा र ५०० भन्दा कम मतदाता रहेको मतदानस्थलको संख्या ३१ वटा रहेको जनाइएको छ । यसका अलवा थप एक अस्थायी मतदान केन्द्र जिल्ला कारागारा शाखामा कायम गरिएको छ ।

निर्वाचनका लागि यहाँका ३९ मतदानस्थलमा ८६ स्वयंसेविक परिचालित हुने छन् । मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार ५०० भन्दा बढी मतदाता रहेको मतदानस्थलमा तीन जना स्वयंसेविक र ५०० भन्दा कम मतदाता रहेका मतदानस्थलमा दुई जना स्वयंसेवक राख्न पाउने व्यवस्था मिलाइएको छ । निर्वाचनमा खटाइने स्वंयसेवकहरू सम्बन्धित मतदानस्थलमा खटिने मतदान अधिकृत र सहायक मतदान अधिकृतको सिफारिसमा नियुक्ति गरिने जनाइएको छ ।

## कास्कीको छुमरूङका मतदानस्थल सडक पहुँचविहीन

**गण्डकी–** कास्कीका १५३ मतदानस्थलमध्ये एउटा मतदानस्थल सडक पहुँचविहीन रहेको छ । तीनवटा निर्वाचन क्षेत्र रहेको कास्कीको क्षेत्र नं ३ अन्तर्गत अन्नपूर्ण गाउँपालिका-११ छुमरुङको मतदानस्थलमा हालसम्म पनि सडक पहुँच नपुगेको कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी शिव लम्सालले जानकारी दिए । उक्त मतदानस्थल पुग्न सडक पहुँच भएको झिनुदेखि करिब दुई घण्टा हिँड्नुपर्ने उनले बताए ।

सडक पहुँच पुग्न नसकेको छुमरुङस्थित धौलाश्री मावि मतदानस्थलमा ७८५ मतदाता छन् । उक्त मतदानस्थलमा मतदान गर्न जाने मतदाताहरू यस आसपासका क्षेत्र घुर्जुङबाट साढे दुई घण्टा, किम्रुङ खोलाबाट दुई घण्टा, सिनुवाबाट दुई घण्टा पैदल हिँडेर पुग्ने गरेको स्थानीवासी एवं छुमरुङ पर्यटन व्यवस्थापन समितिका सचिव दिलीप गुरुङले जानकारी दिए । उनका अनुसार यस क्षेत्रका अशक्त मतदाताले घोडाको प्रयोग गरेर मतदानस्थल पुग्ने गरेका छन् ।

जिल्लामा कूल मतदानस्थलमध्ये १३६ वटा विद्यालयमा छन् भने १४ वटा वडा कार्यालय र तीनवटा सामुदायिक भवनमा रहेका छन् । मतदानस्थलको भौतिक पूर्वाधार, सुरक्षा व्यवस्थालगायत विषयमा स्थलगत अनुगमन पनि भइरहेको सहायक प्रमुख जिल्ला अधिकारी लम्सालले जानकारी दिए । बीचमा माछापुच्छ्रे र रूपा गाउँपालिकाका मतदानस्थलको अनुगमन भइसकेको र अन्नपूर्ण तथा पोखरा महानगरका केही मतदानस्थलको अनुगमन हुने क्रममा रहेको उनले बताए । *रासस*


### आई .सि. टि. सामग्री खरिद सम्बन्धी सिलबन्दी कोटेशन आह्वान सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८२/११/०७**

यस विद्यालयका लागि आई.सि.टि ल्याव स्थापना गर्न आई.सि.टि. सामग्रीहरू सिलबन्दी कोटेसन आह्वानको माध्यामबाट खरिद गर्नुपर्ने भएकाले उक्त कार्यका लागि इजाजतपत्र प्राप्त फर्म, कम्पनी तथा सप्लायर्सहरूबाट सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र विद्यालय समयमा आई फर्म वा कम्पनी दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, आ.ब २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र व्यावसाय दर्ता भएको प्रमाणपत्र एवं नवीकरकण प्रमाणपत्रहरू र प्रत्येक सामग्रीको क्याटलग समेत राखी विद्यालयको लेखाशाखामा रु. १०००/- (पछि फिर्ता नहुने गरी) बुझाई सिलबन्दी कोटेसन खरिद गरी रितपूर्वक भरी सिलबन्द गरेर पेस गर्न सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।
आपुर्ति गर्नु पर्ने ससामग्री सम्बन्धी सङ्क्षिप्त विवरण यस प्रकार रहेको छ : (कुल बजेट : १०,७६,८९०/-)

| सामानको विवरण तथा गुणस्त | आवश्यक सङ्ख्या | सिलबन्दी कोटेसन खरिद गर्ने र बुझाउने अन्तिम मिति र समय | आवश्यक जमानत |
|---|---|---|---|
| डेष्स्टप कम्प्युटर | ७ थान | (क) बुझाउने अन्तिम मिति र समय : २०८२/११/२२ गते दिनको ४:०० बजे भित्र (सो दिन सार्वजनिक बिदा परेमा विद्यालय खुलेको दिन) | २६९२३/- (छब्बिस हजार नौ सय तेइस रूपैया मात्र) |
| इन्टरएक्टिभ बोर्ड (स्मार्ट) | ३ थान | | |
| साउण्ड सिस्टम | १ थान | | |
| (वस्तुको गुणस्तर उपलब्ध गराइएको स्पेसिफिकेसन अनुसार हुनु पर्नेछ ।) | | | |

**कुञ्चिप्वाकल माध्यमिक विद्यालय**
**तारकेश्वर-१, काठमाडौं**
**सम्पर्क फोन नं ९८४१४८४७२०, ९८४९००४३८१, ९८६१८४७७६५**

प्रभाव दैनिक

रूपशाला



## सलीम खान भेन्टिलेटर

बलिउड सुपरस्टार सलमान खानका पिता तथा प्रख्यात पटकथा लेखक सलीम खानको स्वास्थ्य अवस्था बिग्रिएपछि उनलाई भेन्टिलेटरमा सारिएको छ। उच्च रक्तचापको समस्या देखिएपछि मंगलबार बिहान मुम्बईको लीलावती अस्पताल भर्ना गरिएका ९० वर्षीय खानको मस्तिष्कमा रगत जमेको र ब्लिडिङ भएको रिपोर्टमा उल्लेख छ। अस्पताल प्रशासनका अनुसार उनलाई मंगलबार बिहान साढे ८ बजे आपत्कालीन वार्डमा ल्याइएको थियो। अहिले न्युरोलोजिस्ट र कार्डियोलोजिस्ट सहितको विशेषज्ञ टोलीले उनको उपचार गरिरहेको छ।

बिहीबार, ०७ फागुन २०८२ (Thursday, 19 February 2026)

# चलचित्रको सफलतामा गीतसंगीतको भूमिका



**काठमाडौं–** चलचित्र क्षेत्रमा सक्रिय कलाकर्मीहरूले दर्शकलाई चलचित्र भवनसम्म ल्याउन प्रचारप्रसारसहित गीतसंगीतको महत्वपूर्ण भूमिका हुने बताएका छन्।

मर्मस्पर्शी सन्देशमूलक र कालजयी गीतसंगीत प्रस्तुत भएका चलचित्रको रोजाइमा पर्ने गरेको उहाँहरूको अनुभव छ। पछिल्लो समय 'भिडियो सेयरिङ साइट' टिकटकमा समेत गीतसंगीत लोकप्रिय हुने गरेको छ। 'प्रेम गीत', 'नाई नभन्नु ल', 'म यस्तो गीत गाउँछु' लगायतका धेरै चलचित्र गीतसंगीतकै कारण सफल भएका प्रसस्तै उदाहरण छन्।

संगीतकार अर्जुन पोखरेलले चलचित्र उद्योगमा गीतसंगीतलाई प्रचारप्रसारको सशक्त माध्यमका रूपमा लिइए पनि यसतर्फ लगानी गर्न कन्जुस्याइँ गर्दा अपेक्षा गरिएअनुसार गुणस्तरीय चलचित्र बन्न नसकेको बताए।

'चलचित्रमा हुने गीतसंगीत जति सुन्दर भयो त्यति नै चर्चा हुन्छ। गीतअनुसारको दृश्य हुनु जरुरी छ। एकलरूपमा आउने गीतभन्दा चलचित्रका गीत भव्य र फरक हुनुपर्छ। तर, पछिल्लो समय त्यसतर्फ निर्माताकै ध्यान गएको देखिँदैन', संगीतकार पोखरेलले भने।

उनले संगीत दिनुभएको 'स्टुपिड मन', 'प्रेम गीत', 'ऐश्वर्य', 'म यस्तो गीत गाउँछु' सफल हुनुको कारण गीतसंगीत मानिएको छ। तर, पछिल्लो समय गीतसंगीतलाई चलचित्रकै दृश्य राखेर पनि सार्वजनिक गर्ने गरिन्छ।

'केही समयदेखि प्रेमकथानक चलचित्र निर्माणमा कमी आएको छ, यसले गर्दा पनि प्रेमिल गीत कम निर्माण भएका छन्। तर, जे जस्तो गीत भए तापनि त्यसलाई प्रचारको रूपमा लिएर तयार गरियो भने त्यसले चलचित्रलाई फाइदा नै पुग्छ', संगीतकार पोखरेलले भने।

निर्देशक पुर्नेन्दु झाको पनि चलचित्रको पहिलो प्रचार नै गीतमार्फत हुने बुझाइ छ। गीतसंगीतकै कारण आम दर्शकलाई चलचित्रको बारेमा जानकारी हुनेगरेको उनको भनाइ छ। 'चलचित्रको प्रचारप्रसार गीतमार्फत सुर हुने प्रचलन छ। किनकि यसले पहिलो प्रभाव पार्छ। त्यसपछि अन्य श्रव्यदृश्यलगायतका सामग्री सार्वजनिक गर्ने गरेका छौं', निर्देशक झाले भने।

उनले आफू निर्देशित पहिलो चलचित्र 'संरक्षण' को गीतको लागि होलीको माहोल सिर्जना गरेका थिए। गीतसंगीत लोकप्रिय नभएका चलचित्रहरू असफल पनि भएका छन्। केही थोरै चलचित्र छन्, जसमा गीतसंगीतको आवश्यकता देखिएको छैन। *रासस*

# 'कार्की साइँला'मा जितुको जोडी बन्दै प्रियना




■ प्रभाव संवाददाता

**काठमाडौं –** राजेन्द्र बस्नेतको निर्देशनमा निर्माण हुने फिल्म 'कार्की साइँला'मा प्रियना आचार्य (मुन्नी)को इन्ट्री भएको छ। निर्माण टिमले अभिनेत्रीको आचार्यलाई अनुबन्ध गरेको हो। उनी अनुबन्ध भएसँगै अब निर्माण फिल्मको छायांकनमा जुटेको छ।

अब यो फिल्ममा अभिनेता जितु नेपालको जोडीको रूपमा प्रियना हुनेछिन्। नेपालको पुर्वी जिल्ला धनकुटामा फिल्मको सुटिङ हुने निर्माण पक्षले जनाएको छ। फिल्मका निर्देशक राजेन्द्र बस्नेतले भने,'हाम्रो कथा अनुसार नै हामीले धनकुटाका विभिन्न स्थानमा नै सुटिङ गर्ने छौं। कार्की साइँलाको कथाले मागे अनुसारकै प्रियनालाई फिल्मका लागि अनुबन्ध गरेका हौं। थप जानकारी केहि दिनमा नै दिनेछौं।'

यस फिल्ममा जितु नेपाल र प्रियाना आचार्यका अलवा सुशील पोखरेल,बिरेन्द्र सिंह कुशहुवा,मान्शी शर्मा,मनिल तामाङ,रेणुका आचार्य,दिप्सन लिम्बु,रोदा राई,कमल देवकोटा लगायतको अभिनय रहने छ।

कर्णबहादुर फिल्मस् प्रालीको व्यानरमा निर्माण हुने यस फिल्ममा बालकुमार राई निर्माता रहेका छन्। कृष्ण भगत चाम्लिङको प्रस्तुती रहेको यस फिल्ममा मुख्य सहायक निर्देशक रोजल थापाले गर्दैछन् भने छायांकन डम्बर राईको रहने छ। यस फिल्मको द्वन्द किरण दाहालको छ भने संगीत दिप्सन लिम्बु, प्रोडक्सन सिबी भण्डारीको रहेको छ।

# सुमनको शब्दमा मुस्ताङ चिनारी गीत 'जोमसोम बजार'

■ प्रभाव संवाददाता

**काठमाडौं–** हिमाल पारीको जिल्ला मुस्ताङको चिनारी गीत 'जोमसोम बजार' सार्वजनिक भएको छ। गीतकार सुमन पण्डितको शब्द तथा संगीतमा तयार भएको 'जोमसोम बजार' गीतमा लोकप्रिय गायक रामजी खाँड र लोकप्रिय गायिका सन्जु न्यौपानेको स्वर रहेको छ। गीतलाई मदन केसीले संगीत संयोजन गरेका हुन् भने कुमार रानाले मिक्सिङ गरेका छन्।

'जोमसोम बजार' गीतको भिडियोमा लोकप्रिय मोडलद्वय स्मारिका ढकाल र सुरेश कोल्हीले अभिनय गरेका छन्। मुस्ताङ जिल्लाको मुक्तिनाथ, ढुम्बाताल, कुछपतेरङ्गा गुम्बा, ठिनी, जोमसोमबजार, मार्फा, कागबेनी लगायतका विभिन्न भूभागको चिनारीसहित छायाँकन गरिएको थियो।

'जोमसोम बजार' को म्यूजिक भिडियोको निर्देशन तथा कोरियोग्राफी प्रकाश भट्टले गरेका छन्। करन चैंसिरको छायाँकन तथा विनोद बमको सम्पादन रहेको यो गीतको प्रस्तुतकर्ता बादल थकाली हुन्। शुभकामना मिडिया सोलुशनको व्यानरमा निर्माण भएको 'जोमसोम बजार' प्रस्तुतकर्ता बादल थकालीको अफिसियल यूट्यूब च्यानल मुस्ताङ लभरबाट सार्वजनिक भएको छ।



आहा रारा पोखरा गोल्डकप

# सहारा क्लब फाइनलमा

■ प्रभाव संवाददाता



**कास्की–** आयोजक सहारा क्लब पोखरामा जारी राष्ट्रिय तथा अन्तरराष्ट्रिय आमन्त्रित आहा रारा पोखरा गोल्डकपको फाइनलमा पुगेको छ। पोखरा रंगशालामा बुधबार सम्पन्न पहिलो सेमिफाइनल खेलमा छ पटकका च्याम्पियन टोली मनाङ मर्स्याङदी क्लबलाई 'सडन डेथ'मा पराजित गर्दै सहारा फाइनलमा पुगेको हो।

खेलको नियमित ९० मिनेट र अतिरिक्त ३० मिनेटको समयमा समेत दुबै टोलीबाट गोल हुन नसकेपछि खेल ट्राइब्रेकरमा पुगेको थियो। पेनाल्टी सुटआउटमा पाँच/पाँच गोल भएपछि खेल सडन डेथमा पुग्यो।

मनाङका कप्तान सविन श्रेष्ठको प्रहार सहाराका गोलकिपर टिकेन्द्र थापाले रोकेपछि सहारा नौ वर्षपछि आहा राराको फाइनलमा पुग्न सफल भएको हो। ट्राइब्रेकरमा सहाराका कप्तान सुशील लामा, विक्की चामलिङ राई, आशिष गुरुङ, मुकुन्दकुमार न्यूरे, शिसश थापा, विनय तामाङ र प्रशन्न श्रेष्ठले गोल गरे।

यसैगरी मनाङका अशिष श्रेष्ठ, गिदोन नोआ क्यारेमेह, रोनिश राजवक, दीपेश गुरुङ, ज्ञानबहादुर पुलामी र नवराज गुरुङले गोल गरे। सहारा अन्तिम पटक विसं २०७३ मा फाइनल पुगेको थियो। त्यसबेला फाइनलमा मनाङसँगै सहारा पराजित भएको थियो। त्यसयता सहारा फाइनल पुग्न सकेको थिएन।

प्रतियोगिताको दोस्रो सेमिफाइनलको खेलमा बिहीबार जावलाखेल युथ क्लब र पाहुना टोली उज्वेकिस्तानको आभा फुटबल क्लबकाबीच फाइनल प्रवेशका लागि प्रतिस्पर्धा हुने आयोजक सहारा क्लबले जनाएको छ।

गत माघ २७ गतेदेखि सुरु भएको प्रतियोगिताको फाइनल खेल यही फागुन ९ गते शनिबार हुनेछ। प्रतियोगिताको च्याम्पियन टोलीले रु १४ लाख एक हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र पुरस्कार प्राप्त गर्ने र उपविजेता टोलीले रु सात लाख एक हजारसहित ट्रफी र मेडल प्राप्त गर्ने आयोजकले जनाएको छ।

त्यसैगरी सर्वोत्कृष्ट खेलाडीले स्कुटर प्राप्त गर्ने र अन्य पाँच विधामा उत्कृष्ट हुनेले जनही रु २५ हजार र ट्रफी पुरस्कार पाउने छन्।

एन्फा महिला च्याम्पियनसिप

# पुलिसलाई हराउँदै आर्मी फाइनलमा



**काठमाडौं (प्रस))–** बिमला चौधरीको निर्णायक गोलसँगै त्रिभुवन आर्मी क्लब एन्फा महिला च्याम्पियनसिपको फाइनलमा प्रवेश गरेको छ। उदयपुरमा बुधबार सम्पन्न सेमिफाइनलमा नेपाल पुलिस क्लबलाई १-० ले पराजित गर्दै आर्मी उपाधिनजिक पुगेको हो। खेलको आठौं मिनेटमै बिमलाले गरेको एकमात्र गोल नै निर्णायक बन्यो। सुरुआती समयमै अग्रता लिएपछि आर्मीले खेलमा पकड जमाउँदै पुलिसको आक्रमणलाई प्रभावकारी रूपमा रोक्यो। पुलिसले बराबरी गोल फर्काउने प्रयास गरे पनि आर्मीको रक्षापंक्तिका कारण सफल हुन सकेन।

प्रतिस्पर्धात्मक बनेको खेलमा दुवै टोलीले अवसर सिर्जना गरे पनि थप गोल हुन सकेन। पहिलो हाफमै भएको गोल नै खेलको नतिजा तय गर्न पर्याप्त बन्यो।

टी-२० विश्वकप क्रिकेट

# दक्षिण अफ्रिकाको लगातार चौथो जित

**काठमाडौं–** टी-२० विश्वकपको सुपर ८ मा पुगिसकेको दक्षिण अफ्रिकाले समूह चरणको अन्तिम खेलमा सानदार जित निकालेको छ।

बुधबार सम्पन्न समूह 'डी'को अन्तिम खेलमा दक्षिण अफ्रिकाले युएईलाई ६ विकेटले पराजित गरेको छ। १२३ रनको लक्ष्य पछ्याएको दक्षिण अफ्रिकाले १३.२ ओभरमै ४ विकेट गुमाएर लक्ष्य पूरा गऱ्यो। जितसँगै दक्षिण अफ्रिकाले ४ खेलबाट ८ अंक पुऱ्यायो। समान खेलबाट २ अंक जोडेको युएई भने यसअघि नै बाहिरिसकेको थियो।

१२३ रनको लक्ष्य पछ्याउने क्रममा एडेन मार्क्रमले ११ बलमा २८ रनको आक्रामक सुरुआत दिलाए।

क्विन्टन डि ककले १४ रन बनाए भने रायन रिकेल्टनले १६ बलमा ३० रन जोडे।

डेवाल्ड ब्रेभिसले २५ बलमा ३६ रनको महत्त्वपूर्ण इनिङ्स खेले। ट्रिस्टन स्टब्स ६ र जेसन स्मिथ ३ रनमा नटआउट रहे।

युएईका तर्फबाट हैदर अली, मुहम्मद जवादुल्लाह, मुहम्मद अरफान र मुहम्मद फारुकले समान १-१ विकेट लिए पनि टोलीलाई जित दिलाउन पर्याप्त भएन।

यसअघि पहिले ब्याटिङ गरेको युएईले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १२२ रन बनाएको थियो।

टोलीका अलिशान शराफुले ३८ बलमा ४५ रन बनाउँदै सर्वाधिक योगदान दिए। कप्तान मुहम्मद वसीमले १२ बलमा २२ रन जोडे भने आर्यान्श शर्माले १३ रन बनाए। अन्य ब्याटरले उल्लेख्य प्रदर्शन गर्न सकेनन्।

दक्षिण अफ्रिकाका कोर्बिन बोस्च सबैभन्दा सफल रहे। उनले ४ ओभरमा मात्र १२ रन खर्चेर ३ विकेट लिए। एन्रिच नोर्त्जेले २ विकेट लिए भने जर्ज लिन्डेले १ विकेट हात पारे।



घानाको ग्रेटर अक्रा क्षेत्रको टेमामा चिनियाँ नयाँ वर्षको उत्सवमा मस्कट लगाएर विशेष नाच प्रस्तुत गर्दै । *तस्बिरः सिन्ह्वा*

# एआईले बदल्दै गहना उद्योग




**नयाँदिल्ली–** कृत्रिम बौद्धिकता (एआई)ले भारतको परम्परागत गहना उद्योगमा नयाँ मोड ल्याएको छ । नयाँदिल्लीमा आयोजित विश्वव्यापी एआई शिखर सम्मेलनको प्रदर्शनी कक्षमा चम्किएको भगवान् कृष्णको आकारमा बनेको सुनको ब्रोच हस्तकलामात्र नभई, प्रविधि र परम्पराको संगमको प्रतीक बनेको छ । उक्त ब्रोच भारतीय कारिगरहरूले हातैले निर्माण गरेका भए पनि यसको विस्तृत डिजाइन एआईले तयार पारेको थियो ।

२३ वर्षीय सिद्धार्थ सोनीले सन् २०२३ मा सहस्थापना गरेको आइडिया ज्वेलरीमार्फत एआई-डिजाइन गरिएका गहनाहरू उत्पादन गर्दै आएका छन् । उनले एएफपीसँग भने, 'परम्परागत तरिकाले यस्ता गहनाहरू बनाउन छ-सात महिना लाग्ने गर्थ्यो, तर एआईद्वारा तयार ब्लुप्रिन्ट र थ्रिडी-प्रिन्टेड मोल्ड प्रयोग गर्दा एक हप्तामै तयार गर्न सकिन्छ, हलमार्किङका लागि केही थप समय आवश्यक पर्छ ।'

सोनीको यो 'स्टार्टअप' हैदराबादस्थित दशकौं पुरानो पारिवारिक व्यवसायबाट विकसित भएको हो । उनका बुबा र हजुरबुबा करिब ३० वर्षदेखि गहना उद्योगमा सक्रिय छन् । नयाँ प्रविधिप्रति उत्साह देखाउँदै उनका बुबाले यसलाई अन्तर्राष्ट्रिय बजारसम्म पुर्‍याउने इच्छा व्यक्त गरेका छन्, ताकि संयुक्त राज्य अमेरिकालगायतका मुलुकका खुद्रा बिक्रेताहरूले कस्टम एआई-डिजाइन गरिएका भारतीय गहनाहरू बिक्री गर्न सकून् । तर अनुभवी कारिगरहरू भने एआईले कलात्मक मौलिकता हराउने चिन्तामा छन् । 'हामीले कलाको रूप गुमाउँदै छौं,' सोनीले भने, 'तर समयसँगै अगाडि बढ्नु अनिवार्य छ ।'

एआई शिखर सम्मेलनमा सहभागी टेक उद्यमी र विश्व नेताहरूले अवसरसँगै जोखिमबारे पनि छलफल गरेका छन् । सामूहिक रोजगारी कटौती र मानव विशेषज्ञताको क्षय प्रमुख चिन्ताका विषय बनेका छन् । प्रधानमन्त्री नरेन्द्र मोदीले सम्मेलनले देशका युवाहरूको क्षमता उजागर गरेको बताउँदै प्रविधिमा द्रुत प्रगतिलाई जोड दिएका छन् । भारत सरकारले आगामी दुई वर्षभित्र एआई क्षेत्रमा दुई खर्ब डलर लगानी गर्ने लक्ष्य राखेको छ, जसअन्तर्गत डेटा सेन्टर र ऊर्जा पूर्वाधार विस्तार गर्ने योजना छ ।

आइडिया ज्वेलरीले सरकारी अनुदान नपाए पनि प्रमुख सहरका २० खुद्रा बिक्रेतासँग सहकार्यको तयारी गरिरहेको जनाएको छ । गुगलको जेमिनीको परिमार्जित संस्करणमा आधारित उपकरणमार्फत ग्राहकहरूले धातु, बहुमूल्य पत्थर र मूल्य दायरा छनोट गरी साधारण पाठ निर्देशनबाट डिजाइन माग गर्न सक्छन् । सो उपकरणले नमूना देखाएपछि विस्तृत थ्रिडी मोडेल उत्पादन गर्छ, जसलाई कारिगरहरूले मूर्त रूप दिन्छन् । केही कामदारहरूले आफ्नो रोजगारी गुम्ने डरले असहज भए पनि हालसम्म एआई-डिजाइन गरिएका गहनाहरू निर्माण गरिरहेका छन् ।

एआईको प्रभाव गहना उद्योगमामात्र सीमित छैन । एक्सट्रिम जेन एआई नामक स्टार्टअपले दर्जनौं स्थानीय भाषामा व्यवसायका लागि आवाज-आधारित च्याट उपकरण विकास गरेको छ । संस्थापक पिस बेरीका अनुसार प्रविधि सस्तो र परिस्कृत बन्दै जाँदा विशाल कल सेन्टर उद्योग प्रभावित हुन सक्छ, तर नयाँ रोजगारी र सीपका क्षेत्र पनि खुल्ने छन् ।

त्यस्तै, सोइल डाक्टरले १० राज्यका ५०० खेतमा एआई-आधारित माटो परीक्षण कार्यक्रम सञ्चालन गरेको छ । चिफ अफ स्टाफ वर्तिका गुप्ताले ऐतिहासिक कृषि डेटामा पहुँच पाए किसानलाई लक्षित मल प्रयोगमार्फत लागत घटाई उत्पादन बढाउन सहयोग पुग्ने बताए । उनका अनुसार प्रत्येक सिजनमा कम खर्चमा किसानहरूले बढी उत्पादन गर्न सक्ने छन् ।

परम्परागत सीप र आधुनिक प्रविधिबीच सन्तुलन खोज्दै भारतका स्टार्टअपहरूले एआईलाई अवसरका रूपमा अँगालिरहेका छन्, यद्यपि रोजगारी र मौलिकताको प्रश्न अझै बहसकै विषय बनेको छ । *रासस/एएफपी*

# बंगलादेशका प्रधानमन्त्री रहमानको मन्त्रिपरिषद् घोषणा



**ढाका–** भारी चुनावी विजयपछि बंगलादेशका प्रधानमन्त्री तारिक रहमानले ५० सदस्यीय मन्त्रिपरिषद् घोषणा गर्दै संकटग्रस्त अर्थतन्त्र पुनर्जीवित गर्ने र क्षेत्रीय तथा आन्तरिक सुरक्षाका चुनौती सामना गर्ने संकेत गरेका छन् । सन् २०२४ को घातक विद्रोहपछि अन्तरिम प्रशासनमार्फत सञ्चालन हुँदै आएको शासन व्यवस्थाबाट औपचारिकरूपमा जिम्मेवारी सम्हालेका रहमानले मंगलबार पदभार ग्रहण गरेपछि मन्त्रिपरिषद् सार्वजनिक गरेको हुन् ।

मंगलबार राति राजपत्रमार्फत जारी सूचीअनुसार ७६ वर्षीय अमिर खसरु महमुद चौधरीलाई वित्त मन्त्रालयको जिम्मेवारी दिइएको छ । पूर्ववाणिज्यमन्त्री तथा अनुभवी सांसद रहेका चौधरी व्यापारी पृष्ठभूमिका व्यक्ति हुन् । महिनौंको राजनीतिक अस्थिरतापछि विश्वको दोस्रो ठूलो गार्मेन्ट निर्यातक राष्ट्रका रूपमा चिनिएको बंगलादेशमा लगानीकर्ताको विश्वास पुनःस्थापित गर्ने दायित्व उनलाई सुम्पिएको छ ।

चौधरीले यसअघि प्रधानमन्त्री रहमानकी स्वर्गीय आमा तथा तीनपटककी प्रधानमन्त्री खालिदा जियाको मन्त्रिपरिषद्मा काम गरेका थिए । तर सन् २००४ मा ताइवानलाई ढाकामा व्यावसायिक कार्यालय खोल्न अनुमति दिएको विषय सार्वजनिक भएपछि उनले पद त्यागेका थिए । सो विषयमा उनले हालसम्म सार्वजनिक प्रतिक्रिया दिएका छैनन् । शेख हसिनाको १५ वर्षे शासनकालमा उनलाई विभिन्न आरोपमा पटक-पटक पक्राउ गरिएको थियो र त्यस समयमा विपक्षी नेतामाथि राजनीतिक उद्देश्यले मुद्दा लगाइने गरेको आरोप लाग्दै आएको थियो ।

प्रधानमन्त्री रहमानले आफैं रक्षा मन्त्रालय सम्हालेको छ । वर्षौंदेखि राजनीतिक प्रतिस्पर्धाले ध्रुवीकृत समाजलाई एकताबद्ध गर्ने, सुरक्षा व्यवस्थामा सुधार ल्याउने र सीमापार चुनौती सामना गर्ने दायित्व उनीसामु रहेको छ । भारतसँग सीमा तनाव उच्च अवस्थामा रहेको तथा म्यान्मामा जारी द्वन्द्व सीमावर्ती क्षेत्रमा असर गरिरहेको पृष्ठभूमिमा नयाँ सरकार गठन भएको हो । बंगलादेशमा म्यान्माबाट भागेका १० लाखभन्दा बढी रोहिंग्या शरणार्थी आश्रित छन् ।

विदेश मन्त्रालयको जिम्मेवारी अनुभवी कूटनीतिज्ञ खलीलुर रहमानलाई दिइएको छ । संयुक्त राष्ट्रसंघका पूर्वअधिकारी रहेका उनले ढाका र संयुक्त राज्य अमेरिकाका विश्वविद्यालयबाट अध्ययन गरेको छ । कार्यवाहक सरकारको समयमा उनले सुरक्षा विभाग सम्हालेका थिए र संयुक्त राज्य अमेरिकासँग व्यापार वार्तामा सहकार्य गरेका थिए । छिमेकी भारतसँग सम्बन्धमा देखिएको तिक्तता र पाकिस्तानसँग बढ्दो सम्पर्कबीच क्षेत्रीय सन्तुलन कायम राख्नु उनको प्रमुख चुनौती हुने छ । भारतका विदेशमन्त्री सुब्रह्मण्यम जयशंकरले आफ्ना समकक्षीलाई बधाई दिँदै दुई देशबीच सहयोग अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

प्रधानमन्त्री रहमानले बुधबार आफ्नो पहिलो मन्त्रिपरिषद् बैठकको अध्यक्षता गर्ने अपेक्षा गरिएको छ । मन्त्रिपरिषद्मा दिग्गज राजनीतिज्ञ, पूर्वमन्त्री, सांसद, शिक्षाविद् तथा विभिन्न पार्टी कार्यकर्ता समेटिएका छन् । नयाँ सरकार गठनसँगै अर्थतन्त्र पुनरुत्थान, सामाजिक सद्भाव सुदृढीकरण र क्षेत्रीय सम्बन्ध सन्तुलनमा राख्ने कार्यभार औपचारिकरूपमा अघि बढेको छ । *रासस/एएफपी*

# गर्मीले कफी उत्पादनमा असर

**पेरिस–** जलवायु परिवर्तनका कारण विश्वका प्रमुख कफी उत्पादन गर्ने देशहरूमा हरेक वर्ष असामान्यरूपमा बढेको अत्यधिक गर्मीका दिनहरूले कफी खेतीमा गम्भीर असर पारेको वैज्ञानिकहरूले बताएका छन् । यसले उत्पादन घटाउनेमात्र नभई अन्तर्राष्ट्रिय बजारमा मूल्यवृद्धिमासमेत योगदान पुर्‍याइरहेको उनीहरूको निष्कर्ष छ ।

स्वतन्त्र अनुसन्धान संस्था क्लाइमेट सेन्ट्रलले सार्वजनिक गरेको विश्लेषणअनुसार सन् २०२१ देखि २०२५ सम्म विश्वका २५ प्रमुख कफी उत्पादक देशहरूले प्रतिवर्ष औसत ४७ दिन अतिरिक्त हानिकारक गर्मी अनुभव गरेका छन् । ती दिनहरूमा तापक्रम ३० डिग्री सेल्सियसभन्दा माथि पुगेको थियो । यो तापक्रम कफी बिरुवाका लागि जोखिमपूर्ण मानिन्छ ।

विश्वको करिब ७५ प्रतिशत कफी उत्पादन गर्ने ब्राजिल, भियतनाम, कोलम्बिया, इथियोपिया र इण्डोनेसियामा औसत ५७ दिनसम्म ३० डिग्री सेल्सियसभन्दा बढी तापक्रम रेकर्ड गरिएको छ । क्लाइमेट सेन्ट्रलका विज्ञान उपाध्यक्ष क्रिस्टिना डाहलले जलवायु परिवर्तनले कफी खेतीलाई प्रत्यक्षरूपमा चुनौती दिइरहेको बताए । उनका अनुसार प्रायः सबै प्रमुख कफी उत्पादक देशहरूमा अहिले लामो समयसम्म चरम गर्मी देखिन थालेको छ, जसले बिरुवालाई क्षति पुर्‍याउने, उत्पादन घटाउने र गुणस्तरमा असर पार्ने सम्भावना बढाएको छ ।

उनले समयसँगै यसको प्रभाव खेतबाट उपभोक्तासम्म पुग्ने र दैनिक कफीको स्वाद तथा मूल्य दुवैमा असर देखिने उल्लेख गर्नुभयो । संयुक्त राज्य अमेरिकामा खपत हुने कफीको करिब एकतिहाइ ब्राजिलबाट आयात हुने भएकाले त्यहाँ लगाइएका आयात शुल्कले गत वर्ष मूल्य वृद्धिमा भूमिका खेलेको संस्थाले जनाएको छ । तथापि, पछिल्ला वर्षहरूमा कफी उत्पादन क्षेत्रमा देखिएको चरम मौसम पनि मूल्यवृद्धिको प्रमुख कारणमध्ये एक रहेको बताइएको छ ।

कफी खेती सफल हुनका लागि उपयुक्त तापक्रम र वर्षा आवश्यक हुन्छ । क्लाइमेट सेन्ट्रलका अनुसार ३० डिग्री सेल्सियसभन्दा माथिको तापक्रम अरेबिका प्रजातिका लागि अत्यन्त हानिकारक र रोबस्टा प्रजातिका लागि पनि उपयुक्त हुँदैन । यी दुई प्रजातिले विश्वव्यापी कफी आपूर्तिको अधिकांश हिस्सा ओगटेका छन् ।

अध्ययनका क्रममा अनुसन्धानकर्ताहरूले कार्बन प्रदूषण नभएको अवस्थामा ३० डिग्री सेल्सियसभन्दा तल रहने अनुमानित दिनहरूको तुलना वास्तविक तथ्यांकसँग गरेका थिए । त्यस क्रममा जलवायु परिवर्तनका कारण थपिएका तातो दिनहरूको संख्या पहिचान गरिएको हो । जलवायु पर्यवेक्षकहरूका अनुसार पछिल्ला तीन वर्ष विश्व इतिहासकै सबैभन्दा तातो वर्षका रूपमा दर्ज भएका छन् । यसको प्रभाव कृषि क्षेत्रमा स्पष्टरूपमा देखिन थालेको छ । *रासस/एएफपी*

# व्यापार घाटाले जापानको आर्थिक वृद्धिमा दबाब



**टोकियो–** जापानले यस वर्षको जनवरी महिनामा १.१५ खर्ब येन (करिब ७.५ अर्ब अमेरिकी डलर) बराबरको व्यापार घाटा दर्ता गरेको छ । यो पछिल्ला तीन महिनामध्ये पहिलो व्यापार घाटा हो । बुधबार सार्वजनिक गरिएको सरकारी तथ्यांकअनुसार निर्यातमा उल्लेखनीय वृद्धि भए पनि आयातको कूल परिमाण उच्च रहेकाले समग्र व्यापार सन्तुलन घाटामा गएको हो ।

जापानको वित्त मन्त्रालयको प्रारम्भिक प्रतिवेदनअनुसार जनवरीमा निर्यात अघिल्लो वर्षको सोही अवधिको तुलनामा १६.८ प्रतिशतले वृद्धि भई ९.१९ खर्ब येन पुगेको छ । यसअघि महिनामा निर्यात ५.१ प्रतिशतले बढेको थियो, जसको तुलनामा जनवरीको वृद्धि उल्लेखनीय रूपमा उच्च देखिएको छ । निर्यातमा भएको यो विस्तारले बाह्य बजारमा जापानी वस्तुहरूको माग सुदृढ रहेको संकेत गर्छ ।

यता आयात भने वार्षिक आधारमा २.५ प्रतिशतले घटेर १०.३४ खर्ब येनमा झरेको छ । अघिल्लो महिनामा आयात ५.३ प्रतिशतले बढेको थियो । आयात घटे पनि यसको कुल आकार निर्यातभन्दा ठूलो रहेकाले व्यापार घाटा कायम भएको हो। ऊर्जा, कच्चा पदार्थ तथा उपभोग्य वस्तुहरूको आयात संरचनाले पनि व्यापार सन्तुलनमा प्रभाव पारेको जनाइएको छ ।

अर्थविश्लेषकहरूका अनुसार निर्यात वृद्धिले अर्थतन्त्रलाई केही हदसम्म टेवा दिए पनि विश्वव्यापी आर्थिक अवस्था, विनिमय दरको उतारचढाव तथा घरेलु मागको स्थितिले आगामी महिनाहरूमा व्यापार सन्तुलनमा थप प्रभाव पार्न सक्ने देखिन्छ । सरकारको आगामी आर्थिक नीतिले निर्यात प्रवर्द्धन र आयात व्यवस्थापनमा कस्तो प्रभाव पार्छ भन्ने विषयमा पनि चासो व्यक्त गरिएको छ । *रासस/सिन्ह्वा*

# अस्ट्रेलियामा घर अभावको मुख्य कारण जग्गाको बढ्दो मूल्यः प्रतिवेदन



**सिड्नी–** अस्ट्रेलियामा नयाँ घर निर्माणमा आवासीय जग्गाको बढ्दो मूल्यले ठूलो असर पारेको छ । यस विषयमा आएको आवास निर्माण उद्योग संघको प्रतिवेदनले देशभर नयाँ घर निर्माणका लागि जग्गाको मूल्य अत्यधिक वृद्धि भएको देखाएको छ ।

प्रतिवेदनअनुसार सन् २००० देखि नयाँ घर निर्माणका लागि जग्गाको मूल्यमा ५१३ प्रतिशतभन्दा बढी वृद्धि भएको छ । त्यही अवधिमा निर्माण लागत र दक्ष कामदारको मूल्य करिब १५० प्रतिशतले बढेको छ ।

सेप्टेम्बर २०२५ सम्मको एक वर्षमा राष्ट्रियस्तरको जग्गाको मूल्य १० प्रतिशतभन्दा बढी बढेको प्रतिवेदनले उल्लेख गरेको छ, जुन समग्र अर्थतन्त्रको मूल्यवृद्धिको दरको तीन गुणा हो ।

संघीय अर्थशास्त्रीले भने, 'अस्ट्रेलियामा घरको मूल्य बढ्नुको मुख्य कारण जग्गा हो । सरकारी नीतिअनुसार पूर्वाधार लागत, ढिलाइ र योजनासम्बन्धी शुल्कहरू जग्गाको मूल्यमा समाहित भई नयाँ घर खरिदकर्ताले तिर्नुपर्ने अवस्था सिर्जना भएको छ ।' उनले थपे, 'तुरुन्त निर्माण गर्न मिल्ने जग्गाको कमी समाधानको मूल पक्ष हो ।'

अस्ट्रेलियाको संघीय, राज्य र क्षेत्रीय सरकारहरूले २०२३ मा पाँच वर्षभित्र देशभर १२ लाख नयाँ घर निर्माण गर्ने लक्ष्य तय गरेका थिए । राष्ट्रिय आवास आपूर्ति तथा सस्तो आवास परिषद्को २०२५ को वार्षिक प्रतिवेदनअनुसार सन् २०२४ मा एक लाख ७७ हजार नयाँ घर निर्माण भए, जुन अनुमानित माग दुई लाख २३ हजारभन्दा कम हो ।

प्रतिवेदनले २०२४ देखि पाँच वर्षभित्र नौ लाख ३८ हजार नयाँ घर निर्माण हुने भविष्यवाणी गरेको छ, तर कुनै पनि राज्य वा क्षेत्रमा आफ्नो राष्ट्रिय लक्ष्य पूरा गर्न सक्ने सम्भावना छैन । *रासस/सिन्ह्वा*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३००४०० | प्रति तोला – ० | प्रति तोला – ४८८० |



**स्याउको सुकुटी** | मुस्ताङको घरपझोङ गाउँपालिका–२ मार्फा गाउँस्थित स्थानीय धनप्रकाश लालचनले आन्तरिक पर्यटकलाई बिक्री गर्नको लागि सुकाएर तयार पारेको स्याउको सुकुटी। विशेषगरी स्याउको सुकुटीलाई मुस्ताङ घुम्न आउने पर्यटकलाई बिक्री गर्नको लागि बनाउने गर्छन्। *तस्बिर : सुशीलबाबु थकाली/रासस*

## इण्डो–नेपाल ट्रेड फेस्टिभलको दोसो सत्र फागुन ८ देखि

■ प्रभाव संवाददाता

**काठमाडौं** – इन्डो-नेपाल ट्रेड फेस्टिभलको दोसो सत्र यही फागुन ८ देखि १० गतेसम्म भारतको राजधानी नयाँदिल्लीमा आयोजना हुँदैछ।

नयाँदिल्लीस्थित पिएडी चेम्बरको भवनमा आयोजना हुने महोत्सवमा व्यवसाय तथा नीतिगत छलफलसँगै महोत्सवमा नेपालको समृद्ध सांस्कृतिक सम्पदालाई साङ्गीतिक कार्यक्रम, चलचित्र प्रदर्शन, परम्परागत कला तथा प्रामाणिक नेपाली परिकारमार्फत प्रस्तुत गरिने छ।

भारतमा रहेका नेपाली उद्योगी व्यवसायीको छाता सङ्गठन एभरेष्ट चेम्बर अफ कमर्श (इसिसीआइ) को मुख्य आयोजना, नेपाली दूतावास, नेपाल पर्यटन बोर्ड तथा व्यापार तथा प्रवर्द्धन केन्द्रको सहकार्यमा महोत्सव आयोजना गर्न लागिएको हो।

सन् २००८ मा स्थापना भएको इसीआइमा भारतका विभिन्न क्षेत्रका ८०० भन्दाबढी उद्योगी व्यवसायीहरू सदस्य छन्। महोत्सवमा भारत र नेपालका विभिन्न ६० भन्दाबढी कक्ष सहभागी हुने र महोत्सवलाई २५ हजार बढीले अवलोकन गर्ने आयोजकले जनाएको छ।

मङ्गलबार नयाँदिल्लीस्थित प्रेस क्लबमा आयोजित पत्रकार सम्मेलनमा इसिसीआइका अध्यक्ष युवराज बरालले फेस्टिभलबारे जानकारी गराउँदै इन्डो-नेपाल ट्रेड फेस्टिभल व्यापार, पर्यटन, संस्कृति र नवप्रवर्तनमार्फत द्विपक्षीय सहकार्य सुदृढ गर्ने परिवर्तनकारी मञ्चका रूपमा परिकल्पना गरिएको बताए।

'जनतालाई जोड्दै, द्विपक्षीय व्यापार प्रवर्द्धन गर्दै' नारासहित आयोजना गर्न लागिएको महोत्सवको उद्घाटन सत्रमा भारत सरकारका पर्यटनमन्त्री गजेन्द्रसिंह शेखावत, सञ्चारमन्त्री ज्योतिरादित्य सिंधिया, नेपालका लागि भारतका राजदूत डा शङ्करप्रसाद शर्मा, नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्र ढकाललगायतको सहभागिता रहने उनले बताए।

पहिलो संस्करणको उल्लेखनीय सफलतापछि यो फेस्टिभल भारत-नेपालबीच द्विपक्षीय आर्थिक सहकार्य, पर्यटन एकीकरण, सांस्कृतिक आदानप्रदान तथा लगानी साझेदारी सुदृढ गर्ने प्रमुख द्विपक्षीय मञ्चका रूपमा स्थापित भएको छ।

यसपटकको महोत्सवमा जलविद्युत् तथा ऊर्जा साझेदारी, सीमापार व्यापार तथा कनेक्टिभिटी, रामायण र बौद्ध सर्किटसहित पर्यटन एकीकरण, बैंकिङ, फिनटेक तथा डिजिटल अर्थतन्त्र सहकार्य, मिडिया तथा सांस्कृतिक कूटनीति, युवा सहभागितालगायत विषयमा उच्चस्तरीय सत्र तथा नीतिगत संवाद हुनेछ।

त्यसैगरी, व्यावसायिक नेटवर्किङ कार्यक्रम तथा नीतिनिर्माता, मन्त्री, कूटनीतिज्ञ, उद्योगी-व्यवसायी, लगानीकर्ता र उद्यमीबीच बिटुबी तथा बिटुजी बैठक आयोजना गरिनेछ। यी सत्रले दुवै देशका विज्ञ, नीति-निर्माता तथा उद्योग क्षेत्रका सरोकारवालालाई साझा विकास र दिगो क्षेत्रीय सहकार्यका नयाँ अवसर खोज्न एकै मञ्चमा ल्याउने आयोजकको विश्वास छ।

## सञ्चालनमा आयो १३२ केभीको बुर्तिबाङ सवस्टेसन

■ प्रभाव संवाददाता

**ढोरपाटन–** एक सय ३२ केभी बुर्तिबाङ सवस्टेसन सञ्चालनमा आएको छ। यही फागुन २ गते निर्माण सम्पन्न भएपछि फागुन ३ र ४ गते परीक्षण गरिएको सवस्टेसन मंगलबारदेखि नियमित रूपमा सञ्चालन गरिएको हो।

एक वर्ष अघि सञ्चालनमा आउने भनिएको उक्त सवस्टेसनअन्तर्गत बागलुङको बडिगाड गाउँपालिका क्षेत्रमा स्थानीयले टावर निर्माण र लाइन तान्न अवरोध गरेपछि ढिलाइ भएको हो। कपिलवस्तुको मोतिपुरबाट सन्धिखर्कसम्मको लाइन निर्माण विसं २०७८ चैत १२ गते सुरु भएकामा अघिल्लो वर्ष असार ७ गतेदेखि सञ्चालन गर्ने योजना थियो।

ठाउँठाउँमा काम गर्दा अवरोध आएपछि समयमा सञ्चालनमा ल्याउन नसकेको आयोजना प्रमुख मनोज चौधरीले बताए। करिब डेढ वर्ष बडिगाडका स्थानीयले टावर निर्माण रोक्न माग गर्दै सर्वोच्चमा रिट दायर गरेपछि आयोजनाको काम रोकिएको उनको भनाइ छ। गत वर्ष असार ९ गते सर्वोच्चले रिट खारेज गरिदिएपछि तीव्रगतिमा काम गरेर सम्पन्न गरेको उनले बताए।




पहाडी जिल्लालाई केन्द्रीय प्रसारण लाइनसँग जोड्नका लागि कपिलवस्तुको मोतिपुरबाट आयोजनाले अर्घाखाँचीको सन्धिखर्क, गुल्मीको तम्घास, पौँदीअमराई हुँदै बुर्तिबाङ जोड्ने १३२ केभीको सवस्टेसन विसं २०७८ देखि निर्माण सुरु भएको थियो। ढोरपाटन नगरपालिका-२ खल्टुबोटमा सवस्टेसन निर्माण गरेर सञ्चालन गरिएको आयोजना प्रमुख चौधरीले जानकारी दिए।

उनले भने, 'हामीले अघिल्लो वर्ष सञ्चालनमा ल्याउने गरी काम गरेका थियौं तर, विभिन्न समस्याले गर्दा काम सम्पन्न हुन सकेको थिएन। फागुन २ गते काम सकिएलगत्तै परीक्षण गरेका थियौं, अहिले नियमित रूपमा प्रसारणलाइन सञ्चालनमा आएको छ।'

कपिलवस्तुबाट बुर्तिबाङसम्म ८६ किलोमिटर दूरी रहेको छ। यहाँ 'डबल सर्किट'को तार विस्तार गरिएको प्रमुख चौधरीले बताए। उनका अनुसार रु चार अर्ब ७९ करोड लागतमा उक्त आयोजना सञ्चालनमा आएको हो।

## आधुनिक कृषि प्रणालीमार्फत उत्पादन र आम्दानी बढाइन्छ : मन्त्री परियार

■ प्रभाव संवाददाता

**काठमाडौं** – कृषि तथा पशुपक्षी विकासमन्त्री डा मदन परियारले सरकारले आधुनिक कृषि प्रणालीमार्फत किसानको उत्पादन र आम्दानी बढाउने लक्ष्य लिएको बताएका छन्।

मन्त्रालयको अर्ध वार्षिक समीक्षा कार्यक्रममा उनले मुलुकको आर्थिक समृद्धिका लागि कृषि तथा पशुपक्षी क्षेत्रलाई आत्मनिर्भर बनाउन सरकारले सेवा केन्द्र विस्तार तथा सुदृढीकरणमा जोड दिइरहेको बताए। मन्त्रालयले चालु आवको अर्धवार्षिक अवधिमा हालसम्म ५५ प्रतिशत चालु तथा १२ प्रतिशत पूँजीगत खर्च गरेको उल्लेख गर्दै मन्त्री परियारले कार्यक्रम अनुसार प्राप्त बजेट कार्यान्वयन गर्न मातहतका कार्यालयलाई निर्देशन दिए।

कृषि उद्यमशीलताका लागि प्रविधि तथा जलवायु स्मार्ट खेतीको अवधारणा सञ्चालन गर्नुपर्नेमा जोड दिँदै उनले मन्त्रालयले प्रभावकारी स्रोत परिचालन तथा लगानी बढाउन बलियो अन्तर एजेन्सी सहकार्य र साझेदारीको महत्त्व रहेको उल्लेख गरे।

## अन्नपूर्णबाट करिब चार करोड मूल्यबराबरको सुन्तला बिक्री

**म्याग्दी–** म्याग्दीको अन्नपूर्ण गाउँपालिकाका किसानले यस वर्ष सुन्तला बिक्री गरेर करिब रु चार करोड आम्दानी गरेका छन्।

अन्नपूर्ण गाउँपालिकाको कृषि विकास शाखाले किसानहरूले बिक्री गरेको सुन्तलाको विवरण संकलन गरेको हो। कृषि शाखाका प्राविधिक सम्झना खत्रीले पालिकाका सबै बगैँचाबाट रु तीन करोड ८८ लाख मूल्यबराबरको सुन्तला बिक्री भएको जानकारी दिए।

वडा नं १ दोवामा रु ७० लाख, वडा नं २ भुरुङ-तातोपानीमा रु ३९ लाख, वडा नं ३ दानामा रु २१ लाख, वडा नं ४ नारच्याङमा रु १० लाख, वडा नं ६ घारमा रु ६० लाख र वडा नं ७ हिस्तान दोसल्ले र औलामा रु एक करोड ८८ लाख मूल्यबराबरको सुन्तला बिक्री भएको उनले बताए।



दुई सय जनाभन्दा बढी किसानले न्यूनतम रु ५० हजारदेखि रु २० लाख मूल्यबराबरको सुन्तला बिक्री गरेका छन्। सबैभन्दा बढी दोसल्लेका किसान विकास श्रेष्ठले रु २० लाखको सुन्तला बिक्री गरेका छन्।

अन्नपूर्णका किसानले म्याग्दीमा सबैभन्दा पछि माघ लागेपछि सुन्तला टिपेर बजार पठाउन थालेका थिए। फागुन २ गतेसम्म सुन्तला टिपेर बजार पठाएका हुन्। गत वर्षको तुलनामा ४० प्रतिशत कम उत्पादन भए पनि दोब्बर मूल्य पाउँदा आम्दानी बढेको दोसल्लेका किसान श्रेष्ठले बताए।

दोसल्लेका किसानले प्रतिकिलोग्राम रु २०० सम्म सुन्तलाको मूल्य हात पारेका छन्। सुन्तला अन्नपूर्ण गाउँपालिकाको प्रमुख नगदेबाली हो। यहाँ आलुपछि धेरै बिक्री हुने कृषिबालीमा सुन्तला रहेको छ। अन्नपूर्ण गाउँपालिकाका उपाध्यक्ष दिवा तिलिजा पुनले सुन्तला बगैँचा विस्तार र व्यवस्थापनका किसानलाई सहयोग गरिएको बताइन्। *रासस*

प्रजातन्त्र दिवस भव्यतापूर्वक मनाऔं।

- प्रजातन्त्रको मूल मर्म मानवअधिकार र विधिको शासन हो।
- आवधिक निर्वाचन प्रजातन्त्रको आधारशिला हो।
- शक्ति पृथकीकरण, नियन्त्रण तथा सन्तुलन प्रजातन्त्रको आधार हो।
- मेलमिलाप र शान्ति प्रजातन्त्रका आधार हुन्।
- प्रतिनिधिहरूमार्फत शासनमा नागरिकहरूको सहभागिता प्रजातान्त्रिक व्यवस्थाको मर्म हो।

प्रजातान्त्रिक आचरण, संस्कार र व्यवहारको अवलम्बन गरौं।
राष्ट्रिय प्रजातन्त्र दिवस सफल पारौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ